जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पञ्चमी महोत्सव
आजको कार्यक्रम



तिलकोत्सव
स्थान: राम मन्दिर

वर्ष २६ •अंक १८८ • २०८१ साल मंसिर १९ गते बुधवार (4 December, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## गढीमाईमा मेला भर्नेको भीड

**टुडे समाचारदाता**

बारा। पशुबलीका लागि विश्वप्रख्यात रहेको बाराको पञ्चवर्षीय गढीमाई मेलामा दर्शन गर्ने श्रद्धालु भक्तजनको व्यापक भीडभाड छ।

मेला आयोजक मूल समितिले प्रत्येक पाँच वर्षमा लाग्ने गढीमाई मेला मंसिर १ गतेदेखि मंसिर मसान्तसम्म लाग्ने भए पनि मेला आयोजक मूल समितिले कार्यतालिका प्रकाशित गरी मंसिर २३ गते शनिबार तान्त्रिक विधि अनुसार दुखन धामी कर्छाडियाले मूल पुजारी मंगल चौधरीसंग मिलेर आफ्नो मानव अंगको पाँच ठाउँबाट रगत र बलीको रूपमा सेतो मुसा परेवा हाँस सुगङुर र रागाको बली दिएपछि सर्वसाधारण भक्तजनले भाकल अनुरूपको बली तोकिएको स्थानमा चढाएका थिए।

महागढीमाई नगरपालिकाका मेयरसमेत रहेका मेला मूल आयोजक समितिका अध्यक्ष उपेन्द्र यादवले ठूला बलीको रूपमा यस भन्दा अघिको मेलामा दस हजार रागा भैंसी र सुगुंरको बली चढेकोमा यस वर्ष ११ हजारको हाराहरिमा बली चढाइने दाबी गरे।

### अयोध्याबाट जन्ती आयो

# धनुष यज्ञ सम्पन्न, आज तिलकोत्सव

**टुडे समाचारदाता**

जनकपुरधाम। साताव्यापी सीताराम विवाहपञ्चमी महोत्सवको तेस्रो दिन भारतको अयोध्याबाट जन्ती आइपुगेको छ।

महोत्तरी जिल्लाको मटिहानीमा सोमवार राति विश्राम गरेको जन्ती मंगलबार बिहान पिपरामा भोजन गरी दिउँसो जनकपुरधाम आइपुगेको जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले जनाएका छन्।

विवाहपञ्चमी महोत्सवमा सहभागी हुन भारतको अयोध्याबाट आएका जन्तीलाई महोत्तरीको विभिन्न पालिकामा स्वागत र विदाइ गरिएको थियो।

जानकी मन्दिरको तर्फबाट परिसरमा जन्तीलाई स्वागत गरिएको थियो। उनीहरुलाई साधुसन्त, स्थानीयवासी, नागरिक समाज, विभिन्न संघसंस्था, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहसहितका जनप्रतिनिधि, धनुषाका प्रमुख जिल्ला अधिकारी तथा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका जिल्लास्थित प्रमुखहरूसहित जनकपुरधामवासीले जन्तीको भव्य स्वागत गरे।

दर्जनौं गाडीको लावालस्करसहित प्रतीकात्मक श्रीराम, भरत, लक्ष्मण, शत्रुधनसमेत अयोध्याबाट आएका जन्तीहरुलाई भव्य स्वागत गरिएको छ।

जनकपुराममा हुने सीताराम विवाहपञ्चमी समारोहमा भाग लिन प्रत्येक पाँच/पाँच वर्षमा अयोध्याबाट जन्ती आउने परम्परा रहेको छ। तत्पश्चात जन्ती रंगभूमि मैदान (बाहूबिघा)को धनुषयज्ञ समारोहमा



सहभागी भएका थिए।

अयोध्याबाट आएको जन्तीको अगुवाई राम मन्दिर ट्रष्टका सचिव चम्पत्त रायले गरेका छन्। जन्तीमा विश्वहिन्दू परिषद् अयोध्याका महासचिव राजेन्द्र सिंह पंकजलगायतका अगुवाईमा जन्तीहरु सहभागी भएका छन्।

त्रेता युगमा भगवान रामले धनुष भंग गरेको संस्मरणमा रंगभूमि मैदानमा सो समारोहको आयोजना गरिएको थियो। धनुष यज्ञ कार्यक्रममा जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव पनि साक्षी बनेका थिए। त्रेता युगमा भगवान् रामले धनुष उचालेर तोडेको स्मरणस्वरुप प्रत्येक वर्षभैंं यस वर्ष पनि मंगलबार धनुष यज्ञ कार्यक्रम सम्पन्न भएको छ। बुधबार तिलकोत्सव हुनेछ। जानकी मन्दिरबाट बाजागाजा र भार सहित तिलक राममन्दिरमा लगिनेछ। त्यहाँ भगवान रामको पिताको भूमिका राम मन्दिरका महन्त राम गिरि र माता सीताको पिताको भूमिका जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले निर्वाह गर्नेछन्। बिहीबार मटकोर र शुक्रवार विवाह महोत्सव हुनेछ। विवाहपञ्चमी महोत्सवको पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेश्रो दिन धनुष यज्ञ सम्पन्न भएको छ।

विवाह महोत्सवमा सहभागितका लागि नेपाल र भारतको विभिन्न स्थानबाट हजारौंकोसंख्यामाश्रद्धालुहरुयहाँआइपुगेका छन्। श्रद्धालुहरुको आवास, शौचालय, पिउने पानीको जनकपुरधाम उपमहानगरपालिकाले समुचित व्यवस्था गरेको छ। उपमहानगरपालिकाका मेयर मनोज कुमार साहको प्रत्यक्ष रेखदेखमा सौन्दर्यकरण, विद्युतिकरण लगायतको कार्यहरु भइरहेका छन्। अबेर रातिसम्म खट्ने मेयर साह

## गुठी संस्थानको विशेष तयारी पूरा

**टुडे समाचारदाता**

जनकपुरधाम। सीताराम विवाह महोत्सव समारोहमा राम मन्दिरमा तिलकोत्सव, प्रस्थान गरिने जन्ती लगायतको तयारी पुरा भएको छ।

गुठी संस्थान जनकपुरधामका प्रमुख आनन्द कर्माचार्यले जनाए अनुसार संस्थान अन्तर्गतको राम मन्दिर र छुट गुठी अन्तर्गतको जानकी मन्दिरको सम्पूर्ण तयारी पूरा भइसकेको छ।

विवाह पञ्चमीमा सहभागी हुन आएका जन्तीलाई राम मन्दिर र राजदेवी मन्दिरमा स्वागत तथा विश्रामको व्यवस्थापन र साधुसन्तलाई विदाईसम्मको व्यवस्थामा मुख्य भूमिका गुठी संस्थानको रहँदै आएको छ।

गुठी संस्थानले विवाहको आकर्षणको रुप्मा रहेको साधुसन्तहरुको आगमनदेखि विदाईसम्म सम्पूर्ण कार्य गर्ने, सो कार्य मुलतः राम मन्दिर तथा राजदेवी मन्दिरमा हुने गुठीका प्रमुख कर्माचार्यले बताए।


त्यस्तै तिलकोत्सव कार्यक्रमका लागि तयार गरिने स्टेज, पण्डाल निर्माण कार्यमा सहकार्य, रंगभूमिमा हुने विवाह कार्यक्रममा राम मन्दिरतर्फबाट डोलाको आवश्यक प्रबन्ध, राम मन्दिरमा रहने साधुसन्तलाई आवश्यक भोजन, दाउरा तथा दक्षिणासहित विदाई गरिने, राम मन्दिरमा मन्दिरलाई आवश्यक सम्पूर्ण पूजासहितका सामग्री व्यवस्थापन, राम मन्दिरको चारैतिर विजुली झिलीमिली वत्ति, विवाह पञ्चमीमा आउने दर्शनार्थी भक्तजनलगायतको आगमनमा सम्भव भएसम्म शौचालयको व्यवस्थापन गर्ने, श्रीराम दुलहा पक्षबाट गरिने सम्पूर्ण वैवाहिक कार्यको खर्च कार्यालयबाट हुने र मटकोर कार्यक्रममा श्रीरामजीको तर्फबाट हुने कार्यक्रममा आवश्यक सामग्रीको व्यवस्थापन गुठी संस्थानबाट गरिएको कर्माचार्यले बताए।

मधेश प्रदेश सरकारले सीताराम विवाहपञ्चमी महोत्सवमा विशेष व्यवस्था गर्ने बताए पनि सरकारको उपस्थिति समेत देखिएको छैन। वैवाहिक कार्यक्रममा प्रदेश सरकारको भौतिक उपस्थिति समेत रहने गरेको छैन।

बिहान सबेरैदेखि फेरि दलबल सहित स्वच्छता व्यवस्थापनमा जुटने गरेका छन्।

सुरक्षा व्यवस्थालाई चुस्त बनाइएको छ। भारी संख्यामा नेपाल प्रहरी परिचालन गरिएको छ। सवारीको व्यवस्थापनका लागि नगरको हरेक चोकमा ट्राफिक राखेर मार्गलाई एकतर्फी बनाइएको छ। जानकी मन्दिर क्षेत्रमा सवारी साधनको आवागमनलाई निषेध गरिएको छ।





सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सवको तेस्रो दिन मङ्गलबार धनुष यज्ञमा राम र लक्ष्मणको स्वरुपमा सिङ्गारिएका बालकलाकार । *तस्बिर : रासस*

# नारायणी अस्पतालमा 'ल्याब इन्फर्मेसन सेन्टर' सञ्चालनको तयारी

वीरगञ्ज । वीरगञ्जको नारायणी अस्पताललाई थप व्यवस्थित गराउन गुरुयोजनाको काम अघि बढाइएको छ । जीर्ण भवन र जनशक्ति अभावको समस्या खेप्दै आएको अस्पताललाई व्यवस्थित रूपमा सञ्चालनका लागि गुरुयोजना बनाउन लागिएको हो । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा चुमनलाल दासले अस्पताललाई पाँच सय शय्यामा स्तरोन्नति गरेर व्यवस्थित गर्न गुरुयोजनाको काम अघि बढाइएको जानकारी दिनुभयो ।

"एकातर्फ अस्पतालका भवनका संरचना जीर्ण अवस्थामा छन् । अर्कातर्फ भएका भवन छरिएर रहेकाले पनि स्वास्थ्य सेवा प्रवाह गर्न समस्या भइरहेको छ", उहाँले भन्नुभयो, "अस्पताललाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक पर्ने गुरुयोजना निर्माणको काम अघि बढाइरहेका छौँ ।"

"अस्पतालको पूर्वाधार व्यवस्थित गर्न गुरुयोजना निर्माणको काम भइरहेको छ", मेसु दासले भन्नुभयो, "पाँच वर्षअघि अस्पताल भवन निर्माण गर्ने मुद्दा



टुङ्गो नलाग्दा पनि भवन निर्माण हुनसकिरहेको छैन ।" मेसु दासले नारायणी अस्पताललाई पाँच सय शय्यामा विस्तार गर्न ढिला गर्न नहुने धारणा व्यक्त गर्नुभयो ।

"अस्पतालको गुरुयोजनामा सबैभन्दा पहिला अस्पतालका लागि आवश्यक पर्ने संरचना निर्माणमा जोड दिनेछौँ", उहाँले भन्नुभयो, "अस्पतालमा कार्यरत चिकित्सकका लागि आवासलगायत संरचना निर्माणको कामलाई दोस्रो प्राथमिकतामा राखेका छौँ ।"

अस्पतालको नयाँ आकस्मिक कक्षको ब्लकलाई स्वास्थ्य सेवालाई एकीकृत ढङ्गले गर्ने प्रयास गरिरहेको उहाँको भनाइ छ । "ल्याब, इको, अल्टासाउण्ड, फिजियोथेरापीलगायत सेवालाई व्यवस्थित गर्ने जमर्को गरिरहेका छौँ", उहाँले भन्नुभयो, "जीर्ण भएका भवनबाट सारेर अन्य सेवालाई एकीकृत गर्ने प्रयास जारी छ ।"

उपचारका लागि आउने सेवाग्राहीलाई सहज गराउने उद्देश्यले काउन्टरलाई व्यवस्थित गर्ने काम भइरहेको जनाएको छ । " ल्याब इन्फर्मेसन सेन्टर पनि केही समयभित्रै सञ्चालन गर्ने तयारी भइरहेको छ", उहाँले भन्नुभयो, "अहिलेसम्म त ' म्यानुअल' ढङ्गबाटै ल्याबको सूचना दिँदै आइरहेका छौँ ।" अस्पतालमा चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मी गरेर साढे तीन सयको हाराहारीमा छन् ।रासस

## सीताराम विवाह महोत्सव :
# अयोध्याबाट आएका जन्तीलाई मटिहानीमा स्वागत



महोत्तरी । जनकपुरधाममा हुने रामजानकी विवाह महोत्सवमा सरिक हुन आएका जन्तीलाई मटिहानीमा स्वागत गरिएको छ । भारतको अयोध्याबाट आएका जन्तीलाई गएराति मटिहानीमा स्वागत गरिएको हो ।

मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलसहितका जनप्रतिनिधि, जिल्लाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारी र नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका जिल्लास्थित प्रमुखहरूसहित मटिहानी नगरवासीले जन्तीको स्वागत गरेका हुन् । मटिहानीस्थित लक्ष्मीनारायण मठका मानमहन्थ, सामाजिक सङ्घसंस्थाका अगुवा, मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका आचार्य र राजकीय संस्कृत माध्यमिक विद्यालय (मटिहानी गुरुकूल)का शिक्षक, वटुकहरू र महोत्तरी उद्योग वाणिज्य सङ्घका पदाधिकारी सहभागी हुनुभयो ।

यसपटकको रामजानकी महोत्सवमा सरिक हुन अयोध्यास्थित श्रीराम ट्रष्टका उच्च पदाधिकारी र साधुसन्तसहितको पाँच सय जनाको जन्ती टोली मटिहानी आइपुगेको हो । सप्ताहव्यापी रामजानकी विवाह महोत्सवमा प्रत्येक पाँचौँ वर्ष अयोध्याबाट जन्ती सजिएर आउने परम्परा छ । नेपाल प्रवेश गरेपछि मटिहानी पहिलो दिनको रात्रिविश्राम गरेर जनकपुर प्रस्थान गर्ने परम्पराअनुसार नै जन्ती सोमबार राति नै मटिहानी आइपुगेका हुन् ।

मटिहानी राम-सीताको विवाहमा वेदी बनाउन माटो खनिएको ठाउँका रुपमा परिचित छ । राम-सीताको विवाहमा एउटा महत्त्वपूर्ण पाटो जोडिएको हुँदा आफ्नो ठाउँ विवाह महोत्सवको महत्त्वपूर्ण कडी रहँदै आएको नगरप्रमुख मण्डल बताउनुहुन्छ ।अयोध्याबाट आउनुभएका अतिथिलाई मिथिला भोजन (दालभात, सब्जी, चटनी, पापरतिलौरी, तरुवा र दही) गराइएको नगरप्रमुख मण्डलले बताउनुभयो । सोमबार रात्रिविश्राम मटिहानीमा गरेका जन्ती मंगलबार बिहान जलेश्वर, पिपरा हुँदै जनकपुरधाम पुगेका छन् ।

जानकी मिथिलापुत्री भएकी हुँदा यहाँका बासिन्दा उहाँका माइती र मिथिलावासीका कुटुम्ब मानिन्छन् । मिथिलामा दुलही पक्षका परिवारजनले जन्तीसँग ठट्टा मजाक, हासपरिहास गर्ने स्थापित चलन छ । यसअनुसार मटिहानीवासीले अयोध्याबाट आएका जन्तीसँग दिल खोलेर ठट्टामजाक र हासपरिहास गरेका छन् ।

मंगलबार मटिहानीबाट जन्ती जलेश्वर पुगेका थिए । जलेश्वर नगरवासीको स्वागत ग्रहण गरी जलेश्वरनाथ महादेवको दर्शन गरेर जन्तीलाई मंगलबार महोत्तरीकै पिपरामा दिवाभोजन गरेका थिए । मटिहानीजस्तै जलेश्वर नगरपालिका र पिपरा गाउँपालिकाले पनि जन्तीको स्वागत तयारी गरेका छन् ।

जन्ती मंगलबार नै साँझ जनकपुरधाम पुगेको छ । त्यहाँ पुगेपछि जन्ती जानकी मन्दिर व्यवस्थापनको अतिथिका रूपमा महोत्सव अवधिभर रहनेछन् । सप्ताहव्यापी विवाह महोत्सव जनकपुरधाममा आइतबार नै 'जनकपुर नगर दर्शन' कार्यक्रमबाट सुरु भइसकेको छ । महोत्सवको दोस्रो दिन सोमबार ' फूलबारी लीला' सम्पन्न भएको छ । ' जनकपुर नगर दर्शन' र 'फूलबारी लीला' क्रमशः राम-लक्ष्मण गुरु विश्वामित्रसाथ जनकपुर पुग्नुभएको र बगैँचामा रामको सीताजीसँग देखादेख भएको रामकथासँग सम्बन्धित छन् ।

यसैगरी तेस्रो दिन मंगलबार धनुषयज्ञ आयोजना भएको छ । मंगलबार श्रीरामले शिवजीको धनुष ताँदो चढाउने क्रममा भाँचिएको लीला आयोजना गरिएको छ । यसैगरी चौथो दिन तिलकोत्सव (दुलहीका पिताबाट वरपूजन र वस्त्रआभूषण प्रदान गरिने विधि), पाँचौँ दिन मटकोर (विवाहका लागि यज्ञवेदी बनाइने र कूल देवीदेवताको पूजा गर्ने विधि), छैटौँ दिन शुभविवाह र अन्तिम अर्थात् सातौँ दिन रामकलेवा विधिका कार्यक्रम सम्पन्न गरिनेछन् । रामकलेवा जन्ती बिदाइ गरिने विधि हो । यस विधिमा सम्धी, दुलहाका विशिष्ट नातासम्बन्धका व्यक्ति र जन्तीलाई वस्त्रआभूषण र नगद दक्षिणा दिई बिदा गर्ने मैथिल परम्परा छ । अघि त्रेतायुगमा श्रीराम र जानकीको विवाह मङ्सिर शुक्लपक्ष पञ्चमी तिथिमा भएको विश्वासमा मिथिलामा यो महोत्सव परम्परा चल्दै आएको हो ।रासस

# प्रविधिले दाइँ गर्ने परम्परा लोप हुँदै

जनकपुरधाम । कृषिमा भित्रिएको आधुनिक प्रविधिले गर्दा गाउँघरमा दाइँ गर्ने परम्परा लोप हुँदै जान थालेको छ । केही वर्ष अघिसम्म गोरु र मान्छेकै सहारामा दाइँ हाल्दै आएका धनुषाका अधिकांश किसानहरु पछिल्लो समय आधुनिक थ्रेसर मेशिन र ट्र्याक्टरका सहायताबाट धान चुट्न थालेपछि दाइँ परम्परा लोप हुन लागेको हो ।

खेती किसानी पनि गर्दै आउनु भएका जिल्ला समन्वय समिति धनुषाका पूर्वसभापति रामदेव यादवले पछिल्लो समय किसानले गोरु पाल्न छाडेपछि थ्रेसर र ट्र्याक्टरको सहायताले दाइँ गर्न थालिएको बताउनुभयो । उहाँले भन्नुभयो, "एक दशक अघिसम्म खेतका फाँटमा खलो बनाई धान, मसुरो, तोरी, गहुँलगायतका अन्न झाँटेर बोटमा बाँकी बसेका अन्न झार्नका लागि मियोका वरिपरि गोरु घुमाई दाइँ गर्ने परम्परा थियो । तर पछिल्लो समय गोरुको अभाव र कृषिमा भित्रिएको आधुनिक प्रविधिका कारण गाउँमा दाइँ गर्ने परम्परा हराउँदै जान थालेको छ ।"

गाउँघरमा अर्मपर्म गरेर खेती लगाउने, खेती थन्काउने चलन हट्न थालेपछि ट्र्याक्टरले खेत जोत्न र थ्रेसरले धान चुट्न थालिएको क्षीरेश्वरनाथ नगरपालिका-४ का किसान जगदीश यादवले बताउनुभयो । उहाँका अनुसार कृषिमा प्रविधिको विकासले गाउँघरबाटै दाइँ संस्कृति हजाउँदै जान थालेको छ ।

थ्रेसर मेसिन, ट्र्याक्टर हलोको प्रयोगले किसानको समय, श्रम र पैसाको बचत भए पनि मौलिक संस्कृति भने हराउन थालेको मिथिला नगरपालिका-६ ढल्केवरका ज्येष्ठ नागरिक रामवरण महतोको धारणा छ । उहाँ भन्नुहुन्छ, "मेसिनको सहायताले दाइँ गर्दा त्यसले उडाएको भुसले वातावरणमा नकारात्मक प्रभाव पर्नुको साथै जनस्वास्थ्यमा समेत असर परेको छ ।

श्वासप्रश्वासको समस्या भएका बालबालिका र वृद्ध नागरिकलाई असर गरेको छ । आँखामा धुलो परेर समस्या सिर्जना हुने गरेको पनि छ । तर खेतमै खलो बनाई दाइँ गर्दा त्यस्तो समस्या हुँदैनथ्यो ।"युवा शक्ति विदेश पलायन हुनु, गाउँघरमा गोरु र काम गर्ने मान्छे पाउन सकस हुनु र पाइएका खेतालाको ज्याला खर्च महँगो भएकाले पनि जिल्लाका किसानले कृषि यन्त्रको प्रयोग बढाएका



हुन् । यसबाट अन्न झार्ने तथा पराल भुसा वा नल एकैपटकमा माडिने हुँदा समय, श्रम र पैसाको बचत हुने गरेको किसान स्वयं बताउँछन् ।

**धान उत्पादनमा वृद्धि हुने अनुमान**

यसैबीच मधेश प्रदेशमा यसवर्ष धान उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ । मधेशका आठवटै जिल्लाबाट गतवर्षको तुलनामा यसवर्ष कूल दुई लाख पाँच हजार २५१ मेट्रिक टन बढी धान उत्पादन हुने मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय जनाएको छ । मन्त्रालयका प्रवक्ता वरिष्ठ कृषि प्रसार अधिकृत रोशनकुमार मेहताका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा १२ लाख ९६ हजार छ सय सात मेट्रिक टन धान उत्पादन भएको थियो । उहाँले चालु आर्थिक वर्ष २०८१/८२ मा १५ लाख दुई हजार चार सय ५८ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको जानकारी दिनुभयो ।

गत वर्षभन्दा यस आवमा धान रोपाइँ बढी क्षेत्रफलमा भएको हुँदा उत्पादनमा समेत वृद्धि हुने बताइएको छ । कृषि प्रसार अधिकृत मेहताले गत वर्षको तुलनामा यस वर्ष पाँच हजार २६४ दशमलव पाँच हेक्टर क्षेत्रफल बढीमा धानबाली लगाएको जानकारी दिनुभयो । आव २०८०/८१ मा तीन लाख ७० हजार ३५० हेक्टर क्षेत्रफलमा धानबाली लगाएको थियो भने चालु आवमा तीन लाख ७५ हजार ६१४ दशमलव पाँच हेक्टर क्षेत्रफलमा धान रोपिएको उहाँले जानकारी दिनुभयो ।

धानबाली लगाएको क्षेत्रफल र उत्पादन हुने अनुमान गरिएको आधारमा यस वर्षमा शून्य दशमलव पाँच मेट्रिक टन प्रतिहेक्टर धान उत्पादनमा वृद्धि हुने देखिएको छ । गतवर्ष तीन दशमलव ५० मेट्रिक टन प्रतिहेक्टर धान उत्पादन भएको थियो भने यसवर्ष प्रतिहेक्टर चार मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ ।

धानबाली रोपेको क्षेत्रफलको हिसाबले सबैभन्दा बढी सप्तरीमा ६५ हजार दुई सय ८० हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ भने यहाँ दुई लाख ६१ हजार एक सय २० मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ । त्यस्तै सबभन्दा कम रौतहटमा ३७ हजार छ सय २० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ । यहाँ रोपिएको धानबालीबाट एक लाख ५० हजार चार सय ८० मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ ।

कृषि विकास निर्देशनालयका निर्देशक जितेन्द्र यादवको अनुसार पर्सामा ४६ हजार एक सय ८७ हेक्टर, रौतहटमा ३७ हजार छ सय २० हेक्टर, सर्लाहीमा ४५ हजार पाँच सय ४० हेक्टर, धनुषामा ४१ हजार पाँच सय ६५ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएको कृषि विकास निर्देशनालयले जनाएको छ । त्यसैगरी महोत्तरीमा ४१ हजार नौ सय ४२ दशमलव पाँच हेक्टर, सिरहामा ५२ हजार ३८० हेक्टर, सप्तरीमा ६५ हजार २८० हेक्टर र बारामा ४५ हजार ९९ दशमलव छ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएको छ ।

अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा तीन लाख ५४ हजार ३८३ हेक्टर क्षेत्रफलबाट १२ लाख ६३ हजार ९४१ मेट्रिक टन र आव ०७९-०८० मा तीन लाख ८१ हजार ६१३ हेक्टरमा १४ लाख २२ हजार ४३६ मेट्रिक टन धान उत्पादन भएको निर्देशनालयको तथ्याङ्कमा उल्लेख गरिएको छ । यसवर्ष खेती लगाउने बेलामा नै वर्षा भएकोले धान रोपाइँ पनि समयमै भएको र त्यसपछि पनि बेलाबेलामा वर्षा भएकाले धान उत्पादनमा वृद्धि भएको उहाँले बताउनुभयो ।रासस

> मन्त्रालयका प्रवक्ता वरिष्ठ कृषि प्रसार अधिकृत रोशनकुमार मेहताका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा १२ लाख ९६ हजार छ सय सात मेट्रिक टन धान उत्पादन भएको थियो । उहाँले चालु आर्थिक वर्ष २०८१/८२ मा १५ लाख दुई हजार चार सय ५८ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको जानकारी दिनुभयो ।

# नेपालको ऊर्जा क्षेत्रमा एडिबीको पाँच दशक विषयक तस्वीर प्रदर्शनी

काठमाण्डु । ऊर्जा क्षेत्रमा नेपाल र एसियाली विकास बैंक (एडिबी) बीच सहकार्यको पाँच दशकबारे फोटो प्रदर्शनी शुरू भएको छ । बबरमहलस्थित नेपाल कला परिषद्मा मंगलबारदेखि शुरू भएको प्रदर्शनीको ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले शुभारम्भ गर्नुभयो ।

सो क्रममा राज्यमन्त्री तामाङले नेपालको विद्युत् उत्पादन, प्रशारण तथा वितरण प्रणाली विकासमा एडिबीलगायत दातृ निकाय र विकास साझेदारको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । हाल नेपालमा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण भइसकेको बताउँदै उहाँले केही समयभित्रै शतप्रतिशत विद्युतीकरण गर्ने र नेपालमा बढी भएको बिजुली निर्यातका लागिसमेत पर्याप्त सम्भावना रहेको बताउनुभयो ।

"नेपालमा ठूलो मात्रामा विद्युत् उत्पादन भएकोमा हामी विदेशमा बेच्ने मात्र नभइ आन्तरिक खपत पनि बढाउनुपर्ने छ । काठमाडौँमा, पोखरा, बिराटनगर, चितवनलगायत ठूला सहरमा चल्ने ट्याक्सीलाई विद्युतीय ट्याक्सीमा रूपान्तरण गर्न सकिन्छ", राज्यमन्त्री तामाङले भन्नुभयो ।

ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्यले दूधकोशी, माथिल्लो अरूणलगायत ठूला आयोजनामा एडिबीले लगानी गर्न खोजेको र नेपालले त्यसका लागि सहजीकरण गरिरहेको बताउनुभयो ।एडिबीको नेपालका लागि देशीय निर्देशक आर्नो कोस्वाले विभिन्न जलविद्युत् उत्पादन आयोजनामा, प्रसारणलाइनतर्फ करिब ५० प्रतिशत आयोजना र एक तिहाइभन्दा बढी ३३ केभीका वितरण सबस्टेशन निर्माणमा एडिबीले लगानी गरेको बताउनुभयो ।

नेपालमा विद्युत्को भूमिगत वितरण प्रणाली, सवारी चार्जिङ स्टेसन, विभिन्न उत्पादन तथा प्रशारण आयोजना र निजी क्षेत्रबाट प्रवर्द्धित आयोजनामा पनि एडिबीको लगानी रहेको कोस्वाले बताउनुभयो । विद्युत् पहुँच विस्तारले दुर्गम क्षेत्रमा रोजगारी सिर्जना गरेर तथा विभिन्न अवसर सिर्जना गरेर जीवनस्तर उकास्न भूमिका खेलेको उहाँको भनाइ छ । एडिबीले नेपालमा ऊर्जा क्षेत्रको थप सुदृढीकरण, प्रवर्द्धन, दिगो व्यवसायिक ढाँचा विकासमार्फत् निजी क्षेत्रमा लगानीसहितको लगानी विविधताका लागि निरन्तर सहयोग गर्ने उहाँको भनाइ छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपालको ऊर्जा क्षेत्रमा सहुलियतपूर्ण ऋण, अनुदान र प्राविधिक सहयोगका लागि एडिबीले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो । विद्युत् उत्पादन, प्रशारण, वितरण प्रणाली, स्मार्ट मिटर जडान, डिजिटल बिलिङ प्रणाली, सबस्टेसन आधुनिकीकरणलगायत क्षेत्रमा एडिबीको लगानी रहेको बताउनुभयो ।

एडिबी र नेपाल सरकारबीच सन् १९७२ मा प्रशारणलाइन परियोजनामा लगानीमार्फत् साझेदारी शुरू भएको थियो । एडिबीको सहयोगमा नेपालकै निजी क्षेत्रको पहिलो लगानीको ६० मेगावाट खिम्ती जलविद्युत् आयोजना, नेपालकै पहिलो एक सय मेगावाटभन्दा ठूलो एक सय ४४ मेगावाटको कालीगण्डकी-ए लगायत आयोजनामा निर्माण गरिएका हुन् ।

एडिबीको आर्थिक तथा प्राविधिक सहयोगमा एक सय ४० मेगावाट उत्पादन क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । त्यस्तै, प्रशारणलाइनतर्फ चार सय केभी नयाँ खिम्ती-काठमाडौँ आयोजना, तामाकोशी-काठमाडौँ, महेन्द्रनगर-कोहलपुर, बुटवल कोहलपुर सडकको प्रशारणलाइनलगायत प्रशारणलाइनमा एडिबीले लगानी गरेको छ ।

फोटो पत्रकार क्लबका अध्यक्ष द्वारिका काफ्लेले नेपालको पूर्वाधार क्षेत्रमा के कस्तो सहकार्य भएको छ भन्ने देखाउन प्रदर्शनी शुरू गरिएको बताउनुभयो । फोटो पत्रकार क्लबले आयोजना गरेको तस्वीर प्रदर्शनी एक हप्ता चल्नेछ ।रासस


**जनकपुरधाम उपमहानगरपालिका**
**जनकपुरधाम, धनुषा, मधेश प्रदेश (नेपाल)**

**विद्यालय ठाउँ सारीको सूचना**

**दोश्रो पटक सूचना प्रकाशित मिति : २०८१/०८/१९**

जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं. ११ मा संचालित विद्यालय **ध्रुवतारा स्कील वेस्ड ई.स्कूल** हाल ठाउँ सारी भई जिल्ला धनुषा गणेशमान चारनाथ नगरपालिका वडा नं. ४ मा जान त्यस विद्यालयको संस्थापक जि.ध. भरतपुर वडा नं. १ बस्ने किसुन साहको छोरा देवनाथ साहले ठाउँ सारीको लागि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त संस्था संग कुनै संस्था वा व्यक्तिको हकदावी तथा विरोध भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस उपमहानगरपालिकामा प्रमाण सहितको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शिक्षा तथा खेलकुद विकास शाखा**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# हत्याको छानबिन गर

सिरहा जिल्लामा सशस्त्र प्रहरीका सहायक प्रहरी निरीक्षक (सई) लक्ष्मण प्रसाद यादवको मदिरा तस्करहरुले हत्या गरेका छन् । सई यादवको हत्या समान्य प्रकृतिको होइन । सई यादवलाई मदिरा बोकेको स्कोरपियोले ठक्कर दिएर घिसारिएको अवस्था थियो । यादवको मृत्यु भइसकेको यकिनपछि मात्र तस्करहरुले स्कोरपियोले भारततर्फ भागेका थिए । घटना हुँदा त्यहाँ सशस्त्र प्रहरीका अन्य ४ जना हवल्दार र जवान थिए । नेपाल प्रहरी पनि गस्तीमा रहेको थियो । तर तस्करहरुले यादवको हत्या गरी भाग्दा कसैले त्यसको पछाडि पनि गरेन । बिहान सवा ३ बजेतिर गस्तीमा गएको प्रहरी टोली खाली हात थिएनन् । उनीहरुले हतियार पनि बोकेका थिए । सशस्त्र प्रहरीको हतियार पनि आधुनिक छ । स्कोरपियोमा पक्कै पनि ४र५ जना मानिस थिएन होला । तस्करहरुको भन्दा आधुनिक हतियार सशस्त्र प्रहरीसित थियो । नेपाल प्रहरी पनि नजिकै थिए । तर सईको हत्या गरी भाग्न लागेको स्कोरपियो रोक्ने प्रयास प्रहरीले गरेन । स्कोरपियोमाथि प्रहरीले फायर गर्न सक्थे । त्यसको नम्बर पनि पहिचान गर्न सक्थ्यो । सशस्त्र प्रहरी पनि मोटरसाइकलमा सवार थिए । तर त्यो प्रहरीले स्कोरपियोलाई सहजै जान दियो । त्यहाँको घटना प्रकृतिले प्रहरीको भूमिकामाथि गम्भीर प्रश्न उठाएको छ । प्रहरीले घाइतेलाई अस्पताल पुर्‍याउन एम्बुलेन्स बोलाउन समय खर्च गरेको भन्दा चाँडो मोटरसाइकलमा बोकेर अस्पताल लग्न सक्थे । रक्सी बोकेको स्कोरपियो चढेर भारतीय भूमिमा छिरेको अथवा नेपाल तिरै फर्केको पनि हुन सक्छ । प्रहरीले भारतीय भूमिमा छिरेको दाबी गरेका छन् । सिरहा जिल्लामा एउटा मात्र नाका स्वीकृत छ । त्यस बाहेकको भारतीय भूमिमा जाने नेपाली सडकको दशगजा पछि भारतीय सशस्त्र सीमा बल (एसएसबी)ले अवरोध राखेको छ । त्यहाँको एसएसबीको सहयोग बिना भारतीय भूमिमा नेपाली सवारी साधन छिर्न सक्दैन । सिरहा जिल्ला तस्करीको सुरक्षित स्थल मानिन्छ । त्यहाँबाट रक्सी, ड्रग्स, सुनचाँदी, लत्ताकपडा, खाद्यान्नलगायतको भारी परिमाणमा नियमित रुपमा तस्करी हुने गर्छ । तस्करी गराउन नेपाल प्रहरीका एसपी, सशस्त्र प्रहरीका एसपी र सीडीओ समेतको संलग्नता रहने गरेको छ । तस्करहरुले यादवको हत्या गर्ने आँट प्रहरीको जिल्ला हाकिमको ग्रीन सिग्नल नपाए सम्म गरेको लाग्दैन । घटनास्थलमा रहेका प्रहरीको भूमिका शंकास्पद छ । त्यसकारण घटनाको स्वतन्त्र छानबिन आवश्यक छ । प्रहरी संगठनकै सदस्यलाई समेत बली चढाएर तस्करको मनोबल उच्च बनाउने दोषी प्रहरी अधिकारीहरुलाई समेत कारबाही गरिनु पर्छ । सई लक्ष्मण यादवको हत्याले सिरहा जिल्लामा मात्र नभई अन्य जिल्लामा समेत प्रहरीको मनोबल खसेको छ । घटनाको छानबिन गरी दोषी देखिएका प्रहरीलाई कारवाहीको प्रक्रिया तत्काल प्रारम्भ गर्नुपर्छ । प्रहरीले दिइरहेको बयानले घटनालाई नै ओझेलमा पार्ने काम भइरहेको छ ।

# तत्वज्ञानी "भ्रुण"



डा. बिरेन्द्र 'मुनिजी'

लाओत्सु, चीनका प्रसिद्ध दार्शनिक बारे मान्यता छ कि उनि बुढो अबस्थामा जन्म लिएका थिए । उनि ८० बर्ष सम्म गर्भमै रहेका थिए । जन्मदा सेतो फुलेको कपाल, ८० बर्षका बुढो अबस्था थियो । उनलाई "ता ओते चिंग" नामक उपदेशका लेखकको रुपमा आधुनिक युगले चिन्ने गरेको छ । जरथुस्त्र जो इरानका प्राचिन धर्मका संस्थापकको रुपमा प्रख्यात छ्न, उनि जन्म लिने बितिक्कै खितिखिती हाँसेका थिए, उनिद्वारा स्थापित संसारका एक मात्र धर्म हो जसलाई "हाँसी रहेको धर्म" भनेर चिनिन्छ । सुकदेव मुनि जो महर्षि बेदव्यासका पुत्र थिए, उनि पनि १२ बर्ष सम्म गर्भमै रहेका थिए । बुद्धको बारेमा मान्यता छ कि उनि उभेको अबस्थामा जन्म लिएका थिए । उनि जन्मदा उनका आमा एउटा वृक्षमुनि उभिरहेकी थिइन्, र बुद्ध जन्मना साथ भुइमा नखसीकनै हिड्न थाले र सात पैला चाल्दै आठौंमा ४ वटा सत्यहरुका उद्घोष गरेका थिए ।

सुकदेव मुनि १२ बर्षसम्म गर्भमै रहे, लाओत्सु सेता कपाल भएको ८० बर्षका बुढोको रुपमा जन्म लिए, बुद्ध जन्म लिने बित्तिक्कै हिड्न थाले, जरथुस्त्र खितिखिती हाँस्दै जन्म लिए.....यी सबै संसारलाइ अच्चाम्भित पर्ने आश्चर्यजनक घट्नाहरु ति महान व्यक्तिहरुको जन्म उपरान्त घटित भएको देखिन्छ । तर ती सबै आश्चर्यजनक अच्चाम्भित पर्ने घट्नाहरुलाइ मात दिने कार्य भ्रूण अबस्थामै तत्वज्ञानका सम्पूर्ण अभिव्यक्ति दिएर "तत्वज्ञानी भ्रूण", जो कालान्तरमा "अष्टाबक्र" का नामले प्रसिद्ध भए, उनले गरेको पाइन्छ ।

प्राचिन मिथिला, जहाँको, राजालाइ "जनक" को उपाधिले अलंकृत गरिएको थियो, प्राचीन कालखण्डमा यज्ञभुमि, तपोभूमि तथा ज्ञानभूमिको रुपमा विश्वविख्यात थियो । जुनबेला सम्पूर्ण भु-मण्डल ज्ञानबिहिन अन्धकारमय थियो त्यतिबेला नै मिथिलामा एक से एक तपस्वी, ऋषि, महर्षि, ज्ञानीहरुको ब्यापक्ताले ज्ञानको अविरल गंगाको प्रबाह भइरहेको थियो । राजा जनक एक परम तपस्वी, ज्ञानी एबंम जिँज्ञासु थिए । उनको राज्य तथा दरबारमा तपस्वी, ऋषि, महर्षि एबंम ज्ञानीहरुलाई परम आदर तथा अथोचित सम्मानका साथ आश्रय दिइन्थ्यो । राजा जनकका कालखण्डमा मिथिलाका ज्ञानरुपी गंगाको प्रबाह चरममा थियो । एक प्रसंगमा चर्चा भए अनुरुप सुखदेव मुनि जो स्वंम महर्षि बेदव्यासका पुत्र थिए, उनले आफ्ना पुत्रलाई सुझाव दिएका थिए कि यदि ज्ञान आर्जन गर्न चाहन्छौ भने राजा जनकको समिप मिथिला जाऊ, पिताको समिपमा पुत्रलाई अहंकार तथा माताको समिपमा ममता मात्र प्राप्त हुन्छ । राजा जनकको कालखण्डमा यज्ञ, तपस्वी, ज्ञानी तथा जनजनको धर्म प्रतिको आस्था, निष्ठाले मिथिला भुमि यति सम्म कृत-कृत्य थियोकी स्वयं आदि शक्ति माता लक्ष्मी जगतजननी सीताको रुपमा प्रादुर्भाव गर्न मिथिला भुमि नै रोजेकी होलिन भन्दा अतिस्योक्ति नहोला । महर्षि आष्टाबक्र पनि उनकै कालखण्डका हुन, जसले राजा जनकलाई तत्वज्ञान दिएका थिए ।

आष्टाबक्रको बारेमा अत्यन्तै कम चर्चा भएको पाइन्छ । एउटा प्रसंग उनि भ्रूण अबस्थामा रहदाको घट्ना, अर्को उनि १२ बर्षकै उमेरमा महर्षि वन्दिन संग गरेका शास्त्रार्थ र अन्त्यमा उनिद्वारा राजा जनकलाइ दिइएको तत्वज्ञान, जुन आष्टाबक्र माहागीताको रुपमा आज पनि ब्याप्त रहेको छ ।


प्राचिन मिथिलामा उद्दालक नाम गरेका एक महान ऋषि थिए जसको एक पुत्र श्वेत्केतु एवंम् एक पुत्री सुजाता थिइन् । माहान ऋषि उद्दालक आश्रममा उनको एक प्रिय एवंम् परम विद्वान शिष्य थियो जसको नाम कहोड़ थियो । शिष्य कहोड़लाइ ऋषि उद्दालकले सम्पूर्ण बेदका ज्ञान दिईसकेपश्चात उनले आफ्नी पुत्री सुताजको बिबाह उनै संग गराईदिएका थिए । दैनिक बेदपाठी, परम विद्वान कहोड़ आफ्ना पत्नीका साथ गुरुकै आश्रममा जीवनयापन गरिरहेका थिए । जब सुजाता गर्भवती भइन्, भ्रूण अबस्थामै रहेको बालक उनका पिताद्वारा दैनिक रुपमा गरिने बेदपाठ सुन्न प्रारम्भ गरिदिए । ठिक महाभारतका पात्र श्रीकृष्णका शिष्य अभिमन्यु जस्तै, जसले चक्रब्यूह बारेका ज्ञान गर्भाबस्था नै पिता अर्जुनबाट सुनेका थिए ।

एक राति परम विद्वान कहोड़ स्वाभाविक दैनिकी बेदपाठ गरिरहेकै बेला अकस्मात भ्रूण अबस्थामा रहेको बालक आफ्ना पितालाई सम्बोधन गर्दै भन्छ, हे पिताश्री हजुरको अनुकम्पाले मैले बेदका प्रत्येक हाँगाहारुका ज्ञान प्राप्त गरिसकेको छु । हजुर रात-रातभरि वेदको पाठ गर्नुहुन्छ तर अझै शुद्ध-शुद्ध उच्चारण गर्न असफल भइरहनुभएको छ । अनि दैनिक वेदपाठ गर्नुको के फाइदा ?, शब्दहरुमा पनि ज्ञान हुन्छ र ?, ज्ञान त स्वयंमा ब्याप्त हुन्छ । शब्दहरुमा सत्य कहाँ हुन्छन् ?, सत्य पनि स्वयंमा नै ब्याप्त हुन्छन् ।

यी प्रसंग चलिरहेको बेला आश्रममा अन्य ऋषिहरुको पनि उपस्थिति थियो । पिता कहोड़ स्वभावतः अत्यन्त दुःखि भए । गर्भमै रहेको पुत्र मलाइ गलत भनिरहेको छ, बांगो बांगो कुरा गर्ने ध्रिस्टता गरिरहेको छ, मलाइ हिन देखाउने प्रयत्न गरिरहेको छ भनेर अत्यन्त क्रोधित हुदै हे बालक तिमि गर्भाबस्थामै यस्तो बांगो-बांगो कुरा गरिरहेको छौ, मलाई वेद सिकाउने ध्रिस्टता गरिरहेको छौ, जाउ तिम्रो आठ ओटै अङ्ग बांगो-टिङ्गो भइजाओस भनि अहंकारयुक्त क्रोधाग्निमा पिताले भ्रुणलाइ अभिश्राप दिदिए । तसर्थ, जन्मदा बालकको आठ ओटा अंग बांगो-टिङ्गो भएकोले उनको नाम आष्टाबक्र हुन गयो ।

**महर्षि वन्दिनसंग शास्त्रार्थः**

महर्षि वन्दिन सँगको शास्त्रार्थको बारेमा दुई किसिमका प्रसंगहरु उल्लेख भएको पाइन्छ । एक प्रसंग अनुरुप आष्टाबक्र पिता कहोड़ उनको बाल्यावस्था देखि नै बिपत्ता परेको हुन्छ र आष्टाबक्र महर्षि उद्दालकलाइ नै आफ्नो पिता बुझीरहन्छ । केहि समय पश्चात उनका मामा श्वेत्केतुबाट थाहा पाँउछ कि महर्षि उद्दालक उनका पिता होइन, उनका पिताका कहोड़ हो र उनि बिपत्ता छन् । पिताको बारेमा सच्चाई थाहा पाए लगत्तै उद्विग्न आष्टाबक्र आमा सुजातालाई पिताको बारेमा जिज्ञासा राख्दा आमाले तिम्रो पिताश्री एकदिन राजा जनकको बोलावामा उनको दरवार जानु भएको चियो, त्याहाँबाट आज सम्म फर्कनु भएको छैन । पिताको खोजमा आष्टाबक्र राजा जनकको दरबारमा जाँदा उनको भेट वान्दिंग सँग हुन्छ र उनि दुवै विच शास्त्रार्थ हुन्छ ।



अर्को प्रसंग अनुरुप राजा जनकको दरवारमा महर्षिद्वय वन्दिन र कहोड़ बीच शास्त्रार्थ भइ रहेको हुन्छ र कहोड़ पराजित भइसकेका हुन्छन् । उनको पराजयको घोषणा हुनैलाग्दा १२ बर्षका बालक आष्टाबक्र त्यहाँ उपस्थित हुन्छ र महर्षि वन्दिनलाइ शास्त्रार्थ गर्न चुनौती दिन्छन । ऋषि, महर्षि, तपस्वी, माहाज्ञानीहरुले भरिभराउ रहेका राजा जनकका दरवारमा आठ अंग बांगो-टिङ्गा रहेका कुरूप आष्टाबक्र, जो हिडीरहेको अबस्थामा अझ बढि हास्यास्पद देखिन्थे, उनको उपस्थितिले सम्पूर्ण सभा हास्न लग्यो, स्वंम राजा जनक पनि हाँसो थाम्न सकेन, र सभाको हाँसो संगै आष्टाबक्र पनि जोड़-जोड़ले हास्न थाले ।

आष्टाबक्रलाइ पनि हाँसिरहेको देखेर आश्चर्यचकित राजा जनकले सोधेछ, अरु सबै हाँसिरहेको कारण त म बुझीरहेको छु, तर तिमि किन ?

आष्टाबक्र आफ्नो स्वभावतः स्वरमा उत्तर दिदै भनेः मैले सुन्ने गरेको राजा जनकको दरवार सायद यो होइन रहेछ, उनको दरबारमा त परम तपस्वी, ऋषि, महर्षि, ज्ञानीहरुले सु-सज्जित, भरिभराउ रहन्छ अ रे, यो त चमारहरुको (छाला सम्बन्धि ज्ञान राख्ने) सभा रहेछ, यी चमारहरु यहाँ के गर्दैछन ।

आष्टाबक्र जवाफ सुनेर राजा जनकका सभा निःशब्द तथा स्तब्ध भयो, कसै संग कुनै जबाफ रहेन ।

हिम्मत गरेर राजा जनकले अगाडी प्रश्न गर्छ, तिम्रो भानाइको तात्पर्य, मतलव?

आष्टाबक्र जबाफमा भन्छः मतलव छर्लंग छ राजन, सिधा छ, यिनीहरुलाई मात्र मेरो छाला देखा परिरहेको छ, म होइन । म सोझो मनुष्य यिनीहरुलाई देखा परेन, बांगो-टिङ्गो शरीर मात्र देख्दो रहेछ । यिनीहरु सबै छाला मात्रका पारखी हुन ।

हे राजन ! मन्दिर बाङ्गो हुदैमा आकाश बाङ्गो हुदैन, गाग्री फुट्दैमा आकाश फुट्दैन, आकाश त निर्विकार छ ।

मेरो शरीर बाङ्गो-टिङ्गो छ, तर म होइन । यो बाङ्गो-टिङ्गो शरीर भित्र जुन म छु त्यसलाई त हेर, र चिन्ने प्रयास गर, म भन्दा सोझो काँही कतै पाउदैनौ ।

यज्ञवल्क्य, गार्गी, मैत्रेयी, जस्ता बिद्वानहरुले अलिकृत राजा जनकका सभा स्तब्ध भयो । पुनः आष्टाबक्रले वन्दिनलाइ शास्त्रार्थको लागि स्वभावतः स्वरमा खुला चुनौती दिन्छन । राजा जनक केहि प्रश्नहरु आष्टाबक्र सामु राख्छन जसका समुचित जबाफबाट राजा जनकलाई सन्तुस्टी प्रदान गर्दै, महर्षि वन्दिन सँग शास्त्रार्थको लागि अनुमति पाउछन र उनलाई पराजित गर्छन ।

दिव्य, अजेय, ज्ञानी बालक आष्टाबक्रको तेज सामु राजा जनक नस्मस्तक हुन्छन, उनलाई हिरा-पन्ना जडित बिशिस्ट शिंगहासनमा विराजमान गराउछन । उनको चरणकमलमा शिर राखी विन्ती, प्रार्थना गर्दै, मलाइ आफ्नो शिष्यको रुपमा धारण गर्नुस प्रभो, मलाई तत्वज्ञान बाट अभिभूत गराउनुस भनि याचना गर्छन ।

आष्टाबक्र राजा जनकलाई शिष्यको रुपमा स्वीकार गर्दै उनका जिज्ञासा प्रस्तुत गर्न भन्छन । यसै क्रममा राजा जनक र आष्टाबक्रद्वारा बीच भएको सम्बादलाइ "आष्टाबक्र माहागीता" भनिन्छ ।

राजा जनकका तिन जिज्ञासाहरु बाट संवादको प्रारम्भ हुन्छ ।

जनक उवाच ।

***कथं ज्ञानमिाप्नोधि कथं मुधिभमधिष्यधि ।***
***वैराग्यं च कथं प्राप्तमेतद् ब्रूधह मम प्रभो।। १।।***

१. हे प्रभु ! मनुष्य आत्मज्ञान कसरि प्राप्त गर्न सक्छ ?

२. संसारिक बंधन अर्थात जन्म-मृत्यु को गोल चक्करबाट कसरी मुक्त हुने ?

३. वैराग्य प्राप्तिको मार्ग के हो ?

जबाफमा अस्टाबक्र भन्नुहुन्छ ।

आष्टाबक्र उवाच ।

***मुक्तिमिच्छसि चेत्तात विषयान विषवत्त्यज ।***
***क्षमाज्जर्यवद यातोषसत्यं पियुश्न्द्मज ।।२।।***

हे प्रिय, यदि तिमि मुक्ति चाहन्छौं भने "बिषय" लाइ विष समान छोड देउ, र क्षमा, दया, सिधापन (आर्जव), सन्तोष र सत्यलाइ अमृत समान सेवन गर ।

***न पृथ्वी न जलं नग्निर्न वायुधोर्ण वा भिवान।***
***एषां साक्षिणमात्मानं चिद्रूपं विद्धि मुक्त्ये।। ३।।***


तिमि न पृथ्वीको छौ, न जलको, न वायुको, न अग्निको, न आकाश कै....यी पाँच तत्वहरुका सामुहिक यो स्थुल शरीर हो, त्यो पनि तिमि होइनउ, बालाबस्थाका शरीर किशोरावस्थामा रहदैन, युवा अवस्थाका शरीर वृद्धा अवस्थामा रहदैन । तर आत्मा, सबै अवस्थामा एक रुपमै ब्याप्त रहेका हुन्छन ।

***यदि देहं पृथक्कृत्य चिती विश्राम्य तिष्ठसि।***
***अधुनैव सुखी शांतः बंधमुक्तो भविष्यसि।। ४।।***

हे राजन ! जति बेला तिमि शरीरबाट आत्मालाइ अलग्ग गरेर चित्तलाइ स्थिर राख्न सक्छौ त्यति बेला मात्र तिमि सुख र शान्ति प्राप्त गर्न सक्छौ ।

एबंम प्रकारले राजा जनकका जिज्ञाँसाहरुका तार्किक उत्तरहरु दिंदै बार्तालाप अगाडी बढ्दै जान्छन्, र उनि दुइ बिचका वार्तालाप नै आष्टाबक्र माहागिता हो ।

# कमजोर लेखा समितिलाई टेर्दैन अख्तियार



हृदयेश त्रिपाठी

म सार्वजनिक लेखा समिति सभापति हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको राधारमण उपाध्याय प्रमुख आयुक्त हुनुहुन्थ्यो । हामीले एकपटक संयुक्त बैठक बसेर एउटा महत्त्वपूर्ण निर्णय गरेका थियौं । बेरुजुसम्बन्धी महालेखा परीक्षकको प्रतिवेदनमा सार्वजनिक लेखा समितिलाई निर्णय गर्न सजिलो हुन्छ, तर सार्वजनिक लेखाका कतिपय विषयवस्तु उठ्छन् र त्यसमा अख्तियार दुरुपयोग गरेर भ्रष्टाचार गर्ने सम्भावना हुन्छन् । त्यसको थप छानबिन गर्नका लागि सार्वजनिक लेखा समितिले अख्तियारलाई सिफारिस गरेर पठाउने निर्णय बैठकले गरेको थियो । त्यसरी सार्वजनिक लेखा समितिले पठाएको विषयलाई अख्तियारले प्राथमिकताका साथ छानबिन गरेर प्रतिवेदन लेखा समितिमा पठाइदिन्छ र मुद्दा लाग्ने रहेछ भने मुद्दा चल्छ । समिति र अख्तियारबिच यही सहमति भएर हामीले समन्वयात्मक ढंगबाट काम अघि बढाएका थियौं । हामीले त्यहीँ सहमति बमोजिम कतिपय विषय सिफारिस पनि गर्‍यौं र अख्तियारले पनि छानबिन गरेर मुद्दा चल्ने भए चलाएर, नचल्ने भए सोही बेहोराको विवरणसहितको प्रतिवेदन पठाउने परपम्परा बसेको थियो । तर, अहिले अवस्था बिल्कुलै बदलिएको छ । विगत केही समयदेखि सार्वजनिक लेखा समितिलाई कमजोर बनाइएको छ । समितिको नेतृत्व कमजोर हुँदा समितिले दिएको निर्देशनका विषयमा अख्तियारले टेर्न छाडेको हो । विशेष गरेर २०७४ को निर्वाचनपश्चात् लेखा समिति कमजोर बन्न थालेको हो । संविधान निर्माण भएपश्चात् लेखा समितिमा हेलचेक्र्याइँ हुन थालेको हो ।सैद्धान्तिक रूपले हेर्दा व्यवस्थापिकाको एउटा महत्त्वपूर्ण निकायले दिने निर्देशनको महत्त्व एकदमै बढी हुन्छ । स्वयं अख्तियारकै प्रतिवेदन पनि प्रतिनिधिसभामा प्रस्तुत हुन्छ । संवैधानिक परिषद्ले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउँछ र राष्ट्रपतिले पनि सरकारका माध्यमबाट सदनलाई पठाउने हो । अर्थात् अख्तियारले गरेका सम्पूर्ण काम-कारबाही पार्लियामेन्टमै आएर पेस हुन्छन् । अन्तिम निगरानीकर्ताको रूपमा संसद् रहेको हुन्छ ।

साँच्चै घटनाक्रम हेर्दा र विश्लेषण गर्दा अख्तियार जस्तो संवैधानिक आयोगले लेखा समिति अर्थात् व्यवस्थापिकालाई नजरअन्दाज गरेको देखिन्छ । अख्तियारले लेखा समितिले बैठक गरेर लेखी पठाएको निर्देशन नटेरेको वा ध्यान नदिएको अवस्था छ ।

पछिल्लो समय संसद् कमजोर हुँदै गएको देख्छु म । साधारणतः संसद् कमजोर हुँदा सडक बलियो हुन्छ, जब जनताका दैनिकीका मात्र होइन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा महत्त्व राख्ने विषय संसद्मा छलफल हुँदैन भने सडकमा त्यही विषय पुग्छन् र विभिन्न समूह सक्रिय भएर लाग्छन् । अहिले समग्र निकाय नै अलमलमा परिरहेको अवस्था भएकाले भ्रष्टाचार जस्तो विषयमा सार्वभौम संसद्ले दिएको निर्देशन अख्तियारजस्तो संवैधानिक निकायले अटेर गरेर बसेको हो । यसको अर्थ व्यवस्थापिका कमजोर भएर गएको हो ।

संसद् कमजोर भयो भने यसले सिधै असर गर्ने भनेको सिङ्गो राजनीतिक व्यवस्थामाथि नै हो, राज्य सञ्चालन प्रणालीलाई नै असर गर्ने हो । विश्वव्यापी सिद्धान्त नै छ, संसद् कमजोर भयो कि प्रणाली कमजोर भइहाल्छ ।

अर्को कुरा, अख्तियारमा जब राजनीतिक भागबन्डामा नियुक्ति हुन थाल्यो, अनि अख्तियार पनि कमजोर हुन थाल्यो । राजनीतिक दलहरूले सबै संवैधानिक निकायमा भागबन्डा गरेर कसैले प्रमुख, कसैले सदस्य लिन थालेपछि अख्तियार आफैं सक्रिय हुन सक्ने अवस्था देखापर्न सकेन । अहिले समग्र रूपमा हेर्दा अख्तियार मात्र होइन, अन्य सबै संवैधानिक निकायको गोलमालै छ ।

अख्तियारले अहिले सानाको केस मात्र हेर्छ, ठुला विषयमा कदमै चाल्दैन । खरदार, सुब्बा, वडाका सामान्य जनप्रतिनिधिको मात्र केस हेर्छ । ठुल्ठुला विषयमा कर्मचारी प्रशासनको पनि माथिल्लै निकाय जोडिएका हुन्छन्, त्यसको जालो तथा सञ्जाल राजनीतिक दलका शक्तिसम्पन्न नेतासम्म पुगेको हुन्छ, त्यसमा अख्तियार मौन बसिदिन्छ । त्यस्ता केसलाई अघि बढाउने, अनुसन्धान गर्ने, प्रमाण जुटाउने अर्थात् सिङ्गो अनुसन्धान प्रक्रियालाई गम्भीरतापूर्वक नलिई काम चलाउन मात्र गर्ने र आवश्यक परेकालाई जोगाउने खेलमा अख्तियार लाग्न थालेको देखिन्छ ।

> अख्तियारले अहिले सानाको केस मात्र हेर्छ, ठुला विषयमा कदमै चाल्दैन । खरदार, सुब्बा, वडाका सामान्य जनप्रतिनिधिको मात्र केस हेर्छ । ठुल्ठुला विषयमा कर्मचारी प्रशासनको पनि माथिल्लै निकाय जोडिएका हुन्छन्, त्यसको जालो तथा सञ्जाल राजनीतिक दलका शक्तिसम्पन्न नेतासम्म पुगेको हुन्छ, त्यसमा अख्तियार मौन बसिदिन्छ । त्यस्ता केसलाई अघि बढाउने, अनुसन्धान गर्ने, प्रमाण जुटाउने अर्थात् सिङ्गो अनुसन्धान प्रक्रियालाई गम्भीरतापूर्वक नलिई काम चलाउन मात्र गर्ने र आवश्यक परेकालाई जोगाउने खेलमा अख्तियार लाग्न थालेको देखिन्छ ।

नियुक्ति प्रक्रियाकै कारण अख्तियारका पदाधिकारी जनउत्तरदायी बन्ने नभई जसले नियुक्त गर्‍यो उसैप्रति उत्तरदायी हुने गर्छन् । संवैधानिक परिषद्बाट भागबन्डा हुन्छ, जहाँ एक न एक दलका प्रतिनिधि भइहाल्छन् अनि नियुक्तिमा गडबड गरिहाल्छन् । कार्यकारिणी अधिकार पाएर त्यही दल र तिनका नेता बस्दा शक्तिको चरम दुरुपयोग गर्छन्, अनि त्यही केस अख्तियारमा जान थालेपछि दलबाट नियुक्त भएर प्रतिनिधिसरह आयुक्त भएर जो गएको हुन्छ, ऊ बचाउने खेलमा लाग्छ । त्यस कारण अहिले सबै कुरा प्रभावहीन हुँदै गयो । राज्यको भूमिका प्रभावहीन हुँदै गएको छ । वर्तमान सरकारको वैधतामा प्रश्न छैन, दुई ठुला दल मिलेर बनेको सरकार भएकाले संख्यात्मक रूपमा बलियो छ, तर अथोरिटी कमजोर हुँदै गएको छ ।

संसद् बलियो र प्रभावकारी हुनुको विकल्प छैन । संसद् प्रभावकारी भएन भने अख्तियारजस्ता संवैधानिक निकायले संसदीय समितिको निर्देशन नमान्ने खतरा झनै बढेर जान्छ । संसद् त अहिले निरीह छाया भएर बसेको छ । जब संसद् प्रभावकारी हुन्छ, त्यसपश्चात् संसदीय समितिहरू पनि बलिया र प्रभावकारी भएर आउँछन्, अनि मात्र संवैधानिक निकायले समितिका निर्देशन मानेर काम गर्न बाध्य हुन्छन् ।


लेखा समितिले समय तोकेरै भ्रष्टाचारजन्य मुद्दा टुंगोमा पुर्‍याउन भनेर निर्देशन दिन मिल्दैन । तर एक महिना वा निश्चित समयभित्र छानबिन गरेर प्रतिवेदन देऊ भन्न सक्छ । जस्तो वाइड बडी भ्रष्टाचार काण्डका बेला म पनि लेखा समिति सदस्य थिएँ । त्यसबखत दुई-चार विषयमा थप छानबिन हुनुपर्ने थियो, त्यसलाई छानबिन गर्न लेखा समितिको मेकानिजम हुँदैन र थिएन, त्यो मेकानिजम अख्तियारसँग छ । अख्तियारलाई हामीले छानबिन गरेर प्रतिवेदन दिनु भनेर पठाएका थियौं । त्यसबाहेक पनि हामीले स्वास्थ्य सामग्री खरिद लगायत केही विषय लेखा समितिमा पठाएका थियौं, तर त्यसपश्चात् लेखा समिति नेतृत्वले ताकेता पनि गरेन । अख्तियारले त किन थप चासो गर्ने भयो र ? वाइड बडीमा वाइड कमिसन थियो, न्यारोबडीमा न्यारो नै कमिसन थियो । हामीले वाइडबडीको त उपसमितिसम्म बनाएर छानबिन गरेका थियौं । के गर्ने ? सबै मिलेर त्यसलाई निस्तेज गरे । दलहरूले निस्तेज गरे ।

त्यसकारण भ्रष्टाचारका मूल प्रस्थानबिन्दु दलहरू नै भए, यिनीहरूले नै हरेक निकायलाई प्रभावमा पारिरहेका छन् भन्ने जनतामा भाष्य निर्माण भइरहेको छ, यो बडो गम्भीर र विचारणीय भाष्य हो । जनतामा यसले निराशा पैदा गर्‍यो भने दल पीडित बन्ने भन्दा पनि यत्रो संघर्षबाट आएको राजनीतिक व्यवस्था पीडित हुन्छ ।

सार्वजनिक लेखा र त्यसभित्र हुने भ्रष्टाचार नियन्त्रण गर्न लेखा समिति सक्रिय हुने र अख्तियारलाई पनि सक्रिय बनाउने काम गर्नुपर्छ । विगतलाई उठाएर हेर्दा अनेकौं उदाहरण छन्, जहाँ समितिले चाहे सुशासनयुक्त राज्य निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । म आफैं सभापति हुँदा लेखा समितिले भूमिका खेलेकै हो । लेखा समितिको विश्वव्यापी मान्यता प्रतिपक्षी दललाई नेतृत्व दिने भन्ने छ । हामीकहाँ यसको विपरीत देखिन्छ । सरकार चाँडो बदलिने भएकाले सत्ता पक्षले लेखा समिति ओगटेर बसेको हुन्छ । अनि उसले आफ्नो दल सम्बद्ध भ्रष्टाचारको विषय आए बचाउन खोज्छ । त्यसले गर्दा लेखा समिति प्रभावकारी बन्न सक्दैन ।

जनताका तर्फबाट काम गर्ने संसद्ले नै हो । व्यवस्थापिका जिम्मेवार भएन भने कार्यपालिका जिम्मेवार हुँदैन, संसारको नियमै यही हो । संसदीय व्यवस्थामा संसद् बलियो हुनैपर्छ । तब मात्र सुशासन कायम गर्न सार्वजनिक पद धारणा गरेकाहरूले अख्तियार दुरुपयोग गरेको विषयमा लेखा समितिले दिएको निर्देशन अख्तियारजस्ता संवैधानिक आयोगले तुरुन्त मानेर कारबाही अघि बढाउँछन् ।

# कतारका नेपाली श्रमिकलाई २४ घण्टे बीमाको व्यवस्था मिलाउन उपराष्ट्रपतिको आग्रह



काठमाण्डु । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले कतारमा काम गरिरहेका नेपाली श्रमिकलाई २४ घण्टा बीमाको व्यवस्था मिलाउन कतार सरकारसँग आग्रह गर्नुभएको छ।

लैनचौरस्थित उपराष्ट्रपति कार्यालयमा मंगलबार आफूसँग भेट गर्न आउनुभएका नेपालका लागि कतारका राजदूत मिशालबिन मोहम्मद अली अल अन्सारीलाई उपराष्ट्रपतिले त्यहाँ मृत्यु वा घाइते भएका नेपाली श्रमिकको उद्धार र उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा विभिन्न अस्पताल, निर्वासन केन्द्र र जेलमा रहेका नेपालीलाई आवश्यक सहयोग गरिदिन अनुरोध गर्नुभयो।

"कतारमा ६७ जना नेपाली जेल सजाय भुक्तान गरिरहेका छन् र धेरै नेपाली कागजविहीन बसिरहेका छन्", भेटमा उपराष्ट्रपतिले भन्नुभयो, "म महामहिमलाई आममाफी दिन वा जेलको समय घटाउन र कागजातविहीन नेपालीलाई नियमित काम गर्न वा उनीहरूलाई नेपाल फर्काउनमा सहयोग गर्न अनुरोध गर्दछु।"

उपराष्ट्रपति यादवले नेपाल र कतारले पारस्परिक हित र चासोका विषयमा बहुपक्षीय र क्षेत्रीय मञ्चमा नजिकबाट काम गर्दै र एकअर्कालाई समर्थन गर्दै आएकामा खुसी व्यक्त गर्नुभयो । उहाँले नेपाली नागरिक विपीन जोशीलगायत अन्य बन्धकको रिहाइका लागि कतारले गरेको मध्यस्थताका लागि प्रशंसासमेत गर्नुभएको उपराष्ट्रपतिका प्रेस संयोजक दिनेश यादवले जानकारी दिनुभयो।

भेटमा कतारका राजदूत अन्सारीले दुईबीचको सम्बन्धलाई थप बलियो बनाउनुपर्नेमा जोड दिँदै नेपालमा लगानी प्रवर्द्धन तथा संरक्षणको पक्षमा रहेको बताउनुभयो। कतारमा हाल चार लाख नेपाली कामदार रहेको जानकारी दिँदै उहाँले नेपाली श्रमिकको हितलाई कार्यान्वयन आफूले प्रयास गर्ने बताउनुभयो ।रासस

## निर्वाचनपछिको प्रतिक्रियाः

# मूलधारका राजनीतिक दल र नेतृत्वप्रति नै जनताको भरोसा



काठमाण्डु । राजनीतिक दलका नेताहरुले स्थानीय तहको उपनिर्वाचनको मतपरिणामले फेरि पनि मूलधारका राजनीतिक दल र नेतृत्वप्रति नै जनताले भरोसा गरेको प्रतिक्रिया दिनुभएको छ । आइतबार सम्पन्न स्थानीय तहको उपनिर्वाचनको नतिजा सार्वजनिक भएपछि रासससँगको कुराकानीमा उहाँहरुले मतपरिणालाई लिएर आत्तिने, मात्तिने र हौसिने अवस्था नरहेको र जनतातर्फ फर्कनुपर्ने सन्देश दिएको बताउनुभयो।

**सहर र तराई मधेसमा माओवादीको प्रगतिः हितराज पाण्डे, प्रमुख सचेतक, नेकपा (माओवादी केन्द्र)**

पार्टी नेतृत्वले बारम्बार जनतातर्फ फर्कनुपर्छ भनेर राख्दै आएको विचारलाई निर्वाचनको परिणामले पुष्टि गरेको छ । जति स्थानमा पार्टीका उम्मेदवार विजयी भएका छन्, त्यसले धेरै राम्रो सन्देश दिएको छ। जहाँ निकटतम प्रतिस्पर्धामा पुगेको अवस्था छ, यो खुसीको विषय हो।

देश र जनतालाई गोलबन्द गरेर लैजान विचार र नेतृत्व नै मुख्य कुरा रहेछ भन्ने प्रमाणित भएको छ । निर्वाचनको परिणाम महत्वपूर्ण सङ्केतका रुपमा आएको छ। माओवादी पार्टी र नेतृत्वप्रति जनताको सकारात्मक भाव प्रकट भएको छ, यसलाई हामीले विगतमा भएका कमीकमजोरीलाई सच्याएर बढ्नुपर्छ भन्ने पनि देखिएको छ । उत्पीडित जनताको पक्षमा केन्द्रित हुनुपर्नेछ । सहरी र तराई मधेशका क्षेत्रमा पार्टीका विचार प्रवाह गर्न सकेका थिएनौं, अहिलेको जनमतले त्यसतर्फ प्रगति भएको देखाएको छ । निर्वाचनले धेरै मात्तिनु र आत्तिनु पनि हुँदैन भन्ने सन्देश दिएको छ।

**मूलधारका दल र नेतृत्वप्रतिको भरोसा नवीकरणः महेश बर्तौला, मुख्य सचेतक, नेकपा (एमाले)**

लोकतन्त्रमा जनताको अभिमतलाई सबैले स्वीकार गर्नुपर्छ । अहिलेको परिणामलाई एमालेले सहर्ष स्वीकार्दै ग्रहण गरेको छ । निर्वाचन परिणामबाट आत्तिन, निराश र हौसन पर्ने परिस्थिति छैन । जनताले उम्मेदवारलाई हेरेर दलहरुका सम्बन्धमा पनि अदलबदल गर्न सक्छन् भन्ने परिणामबाट देखिएको छ।

एउटा निर्वाचनलाई हेरेर त्यो स्थानमा त्यही दलको वर्चस्व रहन्छ भन्ने विषय परिणामले देखाएन । मूलधारका प्रमुख राजनीतिक शक्तिप्रति नै नागरिकको भरोसा देखाएको छ। जनताले समयक्रममा निर्णय फेरबदल गर्न सक्छन् है भन्ने देखाएको छ। नतिजा तीन दलकै पोल्टामा गएकाले भरोसा पनि यिनै दलप्रति छ भन्ने सन्देश आएको छ। यो परिणामले कसैलाई हौसाउने, कसैलाई निराश बनाउने गरेको छैन, आमरुपले मूलधारका राजनीतिक दल र नेतृत्वप्रति भरोसा रहेको कुराको नवीकरण गरेको छ।

**मतदाताको समर्थनलाई विश्वासमा परिणत गर्नुपर्छः विश्वप्रकाश शर्मा, महामन्त्री, नेपाली कांग्रेस**

उपनिर्वाचनमा मतदाताले व्यक्त गरेको मतमार्फत प्राप्त सन्देशको विस्तृत रुपमा पछि विश्लेषण र समग्र समीक्षा गरिनेछ । प्रारम्भिक समीक्षामा 'एक्लै लडेर प्राप्त स्थान' लाई सन्तोषजनक एवं उत्साहवर्द्धक सङ्केतका रूपमा लिएका छौं।

उपनिर्वाचनमा मतदाताको व्यापक सहभागिताले लोकतान्त्रिक प्रणालीप्रति नागरिकको समर्थन र ऐक्यबद्धता फेरि एकपटक बलियो रूपमा प्रदर्शित भएको छ। मुलतः मुख्य दलहरूप्रति मतदाताले प्रकट गरेको समर्थनलाई विद्यमान प्रणालीमार्फत प्रगतिको दिशामा प्राप्त ऐक्यबद्धताका रूपमा लिएर तिनै तहका सरकारले काममा गति बढाउँदै नागरिक विश्वास अझ बलियो बनाउन जरुरी छ।

लोकतन्त्रमा शत्प्रतिशत स्थानमा जितको अपेक्षा लोकतान्त्रिक सोच हुन्न, तर जित र हार व्यहोरेका सबै स्थानको कारण र प्रवृत्तिको वस्तुगत समीक्षा आगामी चुनावी रणनीति निर्माणका लागि महत्वपूर्ण रहने निष्कर्ष छ।

**मतपरिणामले सङ्गठनको आवश्यकता खड्कियाः मनिष झा, कार्यवाहक प्रवक्ता, राष्ट्रिय स्वतन्त्र पार्टी**

राजनीतिक दल, दलको विचार, कार्यक्रम, अवस्था र परिस्थिति, उम्मेदवारको व्यक्तित्व, उम्मेदवारको एजेण्डा र व्यक्तिगत नाफाघाटाको सूचकका आधारमा उम्मेदवारलाई मतदाताले मूल्याङ्कन गरेर निर्णय गरेको पाइन्छ । राजनीतिक दलको स्थापना र सङ्गठनका आधारमा रास्वपा सुरुआती चरणमा छ। सङ्गठनको आवश्यकता निकै खड्केको देखियो। सहरी क्षेत्रका मतदाताले पार्टीलाई उत्साहित बनाए पनि दूरदराज र गाउँगाउँमा सङ्गठन बनाउनुपर्ने देखियो । चुनावका नतिजाले मतदाताबीचमा राजनीतिको स्पष्ट मार्गको कमी देखियो।

**कामदार वर्ग एक हुनुपर्छः प्रेम सुवाल, नेता, नेपाल मजदुर किसान पार्टी**

हाम्रो जस्तो मुलुकमा चुनाव एउटा वर्ग सङ्घर्ष जस्तै हो । स्थानीय तहको उपनिर्वाचनको मतपरिणामले कामदार वर्ग कमजोर जस्तो देखियो। त्यसकारण यो वर्ग एकजुट हुनुपर्छ ।रासस

# उपनिर्वाचनमार्फत माओवादीको 'एजेन्डा' र अभियान जनअनुमोदितः अध्यक्ष दाहाल




काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले स्थानीय तहको उपनिर्वाचनको नतिजाबाट आफ्नो पार्टीले अघि सारेका 'एजेन्डा' र अघि बढाउन खोजेको अभियानलाई जनअनुमोदन गरेको पुष्टि भएको बताएको छ।

उपनिर्वाचनको सम्पूर्ण मतपरिणाम सार्वजनिक भएपछि मंगलबार वक्तव्य जारी गर्दै पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले निर्वाचित जनप्रतिनिधिको संख्या र जनमतका हिसाबबाट पार्टीले उत्साहजनक सफलता प्राप्त गरेको बताउनुभएको हो ।आफ्नो नेतृत्वको सरकारले अघि सारेको सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको एजेन्डालाई जनस्तरसम्म पुर्‍याउँदै पार्टीको आगामी बाटो र दृष्टिकोण सुस्पष्ट गर्ने अवसरका रुपमा उपनिर्वाचनलाई लिइएको उहाँले उल्लेख गर्नुभयो।

अध्यक्ष दाहालले उपनिर्वाचनमार्फत जनताले प्रकट गरेको अभिमतलाई आफ्नो पार्टीले 'आफ्नो एजेन्डा र आफ्नै एकल पहिचान'का साथ प्रतिस्पर्धा गर्न प्राप्त गरेको जनादेशका रुपमा लिएको बताउनुभएको छ। उहाँले जनविश्वासलाई अझ सुदृढ बनाउँदै जनताको जीवनस्तर बदल्ने अभियानलाई दृढतापूर्वक अघि बढाउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको छ।

राजनीतिक उपलब्धिको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, फेरिएको व्यवस्थाअनुरुप जनताको अवस्था बदल्न र राज्यबाट हुने सेवा प्रवाहलाई सरल र सहज रुपमा जनताको घरदैलोमा पुर्‍याउने महत्वपूर्ण दायित्व स्थानीय सरकारको काँधमा रहेको जनाउँदै अध्यक्ष दाहालले माओवादीबाट निर्वाचित जनप्रतिनिधिलाई जनसेवामा परिचालन गरिने बताउनुभयो।


"हाम्रो पार्टीले नेतृत्व गरेका स्थानीय तहले उत्कृष्ट कार्य सम्पादन गर्दै आएका छन्, आगामी दिनमा यसलाई बढाउँदै सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको मूल एजेन्डामा केन्द्रित रहेर सबै जनप्रतिनिधिलाई पूर्ण रुपमा जनताको सेवामा परिचालन गर्न पार्टी प्रतिबद्ध छ", वक्तव्यमा उहाँले भन्नुभएको छ।

अध्यक्ष दाहालले स्थानीय तह उपनिर्वाचनमा आफ्नो पार्टीलाई अमूल्य मतदान गर्ने सम्पूर्ण मतदाताप्रति आभार व्यक्त गर्नुभएको छ । उहाँले निर्वाचित सबै जनप्रतिनिधिलाई बधाईज्ञापन गर्नुभएको छ। उहाँले निर्वाचनमा अहोरात्र खट्ने पार्टीका नेता कार्यकर्ता, आम जनसमुदाय तथा निर्वाचन आयोग, राष्ट्रसेवक, सुरक्षा निकाय र सञ्चार क्षेत्रलाई धन्यवादज्ञापन गर्नुभएको छ ।रासस

# नेपाल र चीनबीच पारस्पारिक सहयोग सम्बन्धी सम्झौतामा हस्ताक्षर

बेइजिङ ।चीनको औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओली र उहाँका चिनियाँ समकक्षी लि छ्याङको उपस्थितिमा नेपाल र चीनबीच विभिन्न समझदारी भएको छ। दुवै देशका प्रधानमन्त्रीबीच द्विपक्षीय वार्तापछि पारस्परिक सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो।

नेपाल र चीनबीच कृष्णप्रसाद ढकालका अनुसार विकास आयोजनासम्बन्धी सम्झौता, आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी समझदारी, नगद सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भइ आदानप्रदान भएको छ भने स्वयम्सेवी चिनियाँ भाषा शिक्षकसम्बन्धी समझदारी तथा नेपाल टेलिभिजन र चाइना मिडिया ग्रुपबीच सञ्चार



टोखा-छहरे सुरुङमार्ग निर्माणसम्बन्धी समझदारीपत्रमा दुवै देशका सम्बद्ध अधिकारीले हस्ताक्षर गरेर आदानप्रदान गरेका छन्। त्यसैगरी नेपाल-चीन व्यापार अभिवृद्धिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। चीनले काठमाडौंको वसन्तपुरस्थित नौतले दरबार पुनःनिर्माण सम्पन्न गरेको प्रमाणपत्रको आदानप्रदानका साथै भैसींको मासु चीन निर्यातसम्बन्धी प्रोटोकलमा समझदारी भएको छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता प्रविधिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ।

प्रवक्ता ढकालले भन्नुभयो, "सम्पर्क सञ्जाल विस्तार, औद्योगिक तथा पूर्वाधार विकास, स्वास्थ्य क्षेत्रमा सहकार्य, कृषि, व्यापार, पर्यटन, लगानी, विज्ञान तथा प्रविधि, खेलकूद, प्राकृतिक प्रकोप व्यवस्थापन, दुई देशबीचको जनस्तरको सम्बन्ध, गरिबी निवारणलगायतका क्षेत्रमा थप सहयोग आदानप्रदान गर्ने विषयमा छलफल भएको छ।"रासस

# मन्त्री भण्डारी र भारतीय समकक्षी गोयलबीच छलफल



काठमाण्डु। भारतको भ्रमणमा रहनुभएका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र समकक्षी वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलबीच द्विपक्षीय हितका विषयमा आज नयाँदिल्लीमा भेटवार्ता भएको छ।

नयाँदिल्लीस्थित संसद् भवनमा भएको भेटका क्रममा मन्त्री भण्डारीले समकक्षी गोयलसँग सिमेन्ट, प्लाइउड, जुत्तालगायत नेपाली वस्तु निर्यातमा भारत सरकारले लगाउँदै आएको 'ब्यूरो अफ इन्डियन स्ट्यान्डर्ड'को सहजीकरणका लागि आग्रह गर्नुभयो ।

नेपालको पारवाहन तथा व्यापार सहजीकरणका विषयमा पनि सो भेटवार्तामा छलफल भएको र छिट्टै पारवाहन सन्धी संशोधनका लागि सकारात्मक छलफल भएको भ्रमण टोलीमा रहनुभएका मन्त्रालयको द्विपक्षीय व्यापार तथा पारवहन शाखाका उपसचिव तर्कराज भट्टले जानकारी दिनुभयो।

यस्तै व्यापार तथा पारवहनको सहजीकरणका लागि वाणिज्य सचिवस्तरको बैठक छिट्टै नेपालमा आयोजना गर्ने सहमति भएको छ। त्यस अवसरमा मन्त्री भण्डारीले नेपालमा लगानीका पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै लगानीमैत्री वातावरण बनेकाले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्ने सम्बन्धमा पहलकदमीका लागि मन्त्री गोयलसँग आग्रह गर्नुभयो ।रासस

# सूचना-प्रविधि क्षेत्रमा निर्धक्क भएर लगानी गर्न बहुराष्ट्रिय कम्पनीलाई सञ्चारमन्त्रीको आग्रह

काठमाण्डु। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपालको सूचना-प्रविधि (आइटी) क्षेत्रमा लगानीका पर्याप्त अवसर रहेकाले निर्धक्क भएर लगानी गर्न बहुराष्ट्रिय कम्पनीहरुलाई आग्रह गर्नुभएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँगको समन्वयमा सामाजिक सञ्जाल टिकटकले




मंगलबार यहाँ आयोजना गरेको 'डिजिटल सेफ्टी समिट'मा उहाँले नेपालमा लगानीको सुरक्षा रहेको तथा आइटी क्षेत्र आकर्षक लगानीको विधा भएकाले त्यसमा ढुक्क भएर लगानी गर्न बहुराष्ट्रिय कम्पनीहरुलाई आह्वान गर्नुभएको हो। उहाँले वैदेशिक लगानी सुरक्षित गर्न सरकारले पर्याप्त नीतिगत व्यवस्था गरेको बताउनुभयो।

टिकटकजस्ता अन्तर्राष्ट्रिय बहुराष्ट्रिय कम्पनीहरुलाई नेपालमा लगानीका लागि उपयुक्त वातावरण तयार गरिएको जानकारी दिँदै सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले निजी क्षेत्र तथा बहुराष्ट्रिय कम्पनीहरुको लगानी सुरक्षा गर्न प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "नेपालमा डिजिटल टेक्नोलोजीमा लगानीको वातावरण छ, प्रतिफल पनि सुनिश्चित गरिएकाले निर्धक्क भएर लगानी गर्न सक्नुहुन्छ।"

सूचना-प्रविधिको क्षेत्रमा लगानी गर्ने कम्पनीहरुलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समाजप्रतिको सामाजिक उत्तरदायित्व पूरा गर्नुपर्ने सर्तहरु पनि राखेको जानकारी दिनुभयो । ती सर्त पालना गरेर नेपालमा टिकटक पुनः सञ्चालनमा आएको उहाँले बताउनुभयो । सरकारको डिजिटल नेपाल बनाउने उद्देश्य साकार पार्न नागरिक समाज, निजी क्षेत्र, सामाजिक सञ्जाल प्लेटफर्म प्रयोगकर्तालगायत व्यक्ति र संस्थाको साझा प्रयत्न आवश्यक छ भन्नुभयो । मन्त्री गुरुङले सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिका, २०८१ बमोजिम मन्त्रालयमा टिकटक सूचीकरण भएको बताउनुभयो।

टिकटकले डिजिटल सुरक्षा अभियान, तालिम र कार्यशाला, स्थानीय सामग्री उत्पादनमार्फत डिजिटल साक्षरता बढाउन, शैक्षिक सामग्री तयार गर्न, छात्रवृत्ति प्रदान, शैक्षिक प्रतिष्ठानमा स्मार्ट कक्षाकोठा सञ्चालनका माध्यमबाट मुलुकको शैक्षिक प्रणालीको आधुनिकीकरणमा सघाउ पुर्याउनेमा आफू विश्वस्त रहेको मन्त्री गुरुङले बताउनुभयो।

देशको पर्यटन प्रवर्द्धनमा सघाउने, आइटीको विकासमा योगदान गर्ने, सांस्कृतिक र शैक्षिक उन्नतिमा जोड दिनेलगायत सर्त सरकारले टिकटकसँग राखेको जानकारी मन्त्री गुरुङले दिनुभयो । सरकारले राखेका ती सर्त पालना गरेकाले टिकटक नेपालमा दर्ता भई पुनः सञ्चालनमा आएको बताउनुभयो।

"टिकटकले सामाजिक आर्थिक विकासका साथै मर्यादित समाजिक सञ्जालको छवि कायम गर्छ भन्नेमा विश्वस्त छौं", उहाँले भन्नुभयो, "नेपाल सरकारले आगामी दशकलाई आइटी दशकका रूपमा घोषणा गरिसकेको तथा देशलाई सूचना- प्रविधिको हबका रूपमा विकास गर्ने लक्ष्य छ।" उहाँले आइटीका माध्यमबाट पाँचदेखि १० लाख रोजगारीका अवसर सृजना गर्ने सरकारी लक्ष्य पनि सुनाउनुभयो ।रासस

# देश-देशबीचको सांस्कृतिक सम्बन्धले आत्मीयता बढाउने



पाटन । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले विभिन्न देशबीचको सांस्कृतिक सम्बन्धले आत्मीयतामा नयाँ उचाई हासिल हुने बताउनुभएको छ।

सातदोबाटोस्थित ब्राइट फ्युचर उच्च माध्यमिक विद्यालयले विभिन्न आठ देशका बालनाट्य कलाकारहरुको सहभागितामा यहाँ आयोजना गरेको चौथो लालाबाला काठमाडौं अन्तर्राष्ट्रिय बाल नाट्य महोत्सवको मंगलबार आयोजित उद्घाटन समारोहमा उहाँले विभिन्न देशका नाट्यकलाहरुको प्रदर्शनी र प्रस्तुतिले एकअर्काका संस्कृतिमा साक्षात्कार हुन सकिने बताउनुभयो।

"हामीले विभिन्न देशका कला चिन्नेछौं, त्यस्तै हाम्रो कला अरुलाई चिनाउन सक्नेछौं, यस्ता कार्यले संसारभरिक भाषा, संस्कृतिका बिषयमा मन्थन हुनेछ, यसले हामीले भाषा, कला, संस्कृतिको समन्वय र अन्तरसम्बन्धलाई स्थापित गर्छौं", मन्त्री पाण्डेले भन्नुभयो।

विद्यालयको कक्षाकोठामा सिकिरहेका उहाँले विद्यार्थीहरुलाई बिभिन्न देशका कला, संस्कृति, भाषा र सभ्यताको बारेमा वृहत् जानकारी दिने काम महत्त्वपूर्ण भएको जानकारी गराउनुभयो । "विद्यार्थीहरुलाई ठूलो दायरामा पुगेर सिक्न, बुझ्न, बाहिरी संसारबारे जानकारी लिन यसले सहयोग पुग्नेमा विश्वास छ", उहाँले भन्नुभयो।

मन्त्री पाण्डेले विद्यार्थीसँग भएको क्षमतालाई पहिचान र प्रस्फुटन गराउन शिक्षक र अभिभावकले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने उल्लेख गर्दै उहाँले विद्यार्थीले पनि आफ्नो प्रतिभा र क्षमतालाई पहिचान गरेर त्यसैमा लगनशीलताका साथ लाग्न सक्नुपर्नेमा जोड दिनुभयो।

रबिन्द्रनाथ टैगोर, बालकृष्ण सम, विपी कोइरालालगायतले सुरुमै सफलता हासिल गरेको नभइ विभिन्न भोगाइका क्रममा आफूलाई परिस्कृत गर्दै अगाडि बढ्नुभएको उहाँको भनाइ थियो । उहाँले नाट्य क्षेत्रमा भविष्य बनाउन चाहने विद्यार्थीले आफूलाई परिस्कृत गर्दै अगाडि बढाउनुपर्ने समेत बताउनुभयो।

त्यसअवसरमा जिल्ला समन्वय समितिका प्रमुख ऋषिदेव फूँयालले विद्यालयले विभिन्न देशका नाट्यकर्मीहरुलाई बोलाएर कार्यक्रम गरेर नेपालको महत्त्व र गरिमालाई उच्च बनाएको उल्लेख गर्नुभयो। उहाँले नेपालको कला संस्कृतिलाई विश्वमा परिचित गराउनका लागि यसकिसिमका कार्यक्रमहरु प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो।

नेपाल, भारत, बङ्गालादेश, श्रीलङ्का, जर्मनी, स्टोनिया, डेनमार्क र अष्ट्रेलियाका नाट्यकर्मीले चार दिनमा १९ वटा नाटकका २४ वटा कार्यक्रमहरु प्रस्तुत गर्ने ब्राइटफ्युचर उच्चमाध्यामिक विद्यालयका शिक्षक रामरमण हुमागाईले जानकारी दिनुभयो।रासस

# इमरान खानकी पत्नी बुशरा बिबी राजनीतिमा सक्रिय हुन खोजेपछि पाकिस्तानमा तरङ्ग

बीबीसी

काठमाण्डु । नोभेम्बरको अन्यमा बुशरा बिबी एउटा ;शिपिङ कन्टेनर'मा उभिएकी थिइन्। उनले एउटा सेतो पछ्यौरा र सधैँ लगाउने खालको हिजाब लगाएकी थिइन्। त्यो कन्टेनरको वरपर उभिएका विपक्षी दल तारिख-ए-इन्साफ (पीटीआई) का हजारौँ समर्थकहरूले पार्टीको झण्डा फहराउँदै नारा लगाइरहेका थिए।

नाराबाजीका कारण ठूलो हल्ला भइरहेका बेला बिबीले एउटा माइक्रोफोन समाइन् र आफ्नो बुलन्द स्वरमा सबैको ध्यान आफूतिर तानिन्। "मेरा बाबुनानीहरू र मेरा दाजुभाइहरू! तपाईंहरू मसँगै उभिनुपर्ने छ," उनी माइकमा चिच्याइन्। भिडबाट ताली र जिन्दाबादको ध्वनि गुन्जियो। उनले भनिन्, "यदि तपाईंहरू मसँगै उभिनुभएन भने पनि म दृढ छु र खडा रहने छु। यो मेरा पतिका लागि मात्र होइन, यो भनेको हाम्रो देश र यसका नेताहरूका लागि हो।"पाकिस्तानको राजधानी इस्लामाबादमा देखिएको यो एउटा दुर्लभ दृश्य थियो।

बिबी पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानकी तेस्री पत्नी हुन् र उनलाई प्रायः निजी जीवनमा रमाउने "अराजनीतिक व्यक्ति"का रूपमा चित्रण गर्ने गरिन्थ्यो। तर अहिले उनी राजनीतिमा गहिरो गरी संलग्न भएकी छन्।केही व्यक्ति उनको राजनीतिक यात्राको थालनी भएको मान्छन्। अन्य कतिपयका लागि यो विपक्षी पीटीआईले अपनाएको रणनीतिक चाल हो। उनका पति इमरान खान जेलमा रहुन्जेलका लागि उक्त दललाई अघि बढाउन पार्टीले यस्तो रणनीति अपनाएको हुन सक्ने उनीहरूको विश्लेषण छ। सन् २०२२ मा खानलाई अविश्वासको प्रस्तावमार्फत् सत्ताबाट हटाइएको थियो।

उनीमाथि भ्रष्टाचार, आतङ्कवाद र हिंसा फैलाएको आरोप लगाइएको छ र खान सन् २०२३ अगस्टदेखि जेलमा छन्।बिबीलाई पनि उनका पतिसँग मिलेर राज्यका लागि आएका उपहार र कोसेली बेचेको र त्यसको जानकारी राज्यका सम्बधित निकायलाई नगराएको आरोप लगाइएको थियो। बिबी नौ महिनासम्म जेलमा थिइन् र गत अक्टोबरमा मात्र जमानतमा रिहा भएकी हुन्। "फाइनल मार्च" अर्थात् 'निर्णायक जुलुस' भनिएको कार्यक्रममा बिबी सहभागी भएकी थिइन्। समर्थकहरूले उक्त विरोधप्रदर्शनका क्रममा खानको रिहाइको माग गरेका थिए।

प्रदर्शनका कारण पाकिस्तानी राजधानीका सडकहरूमा अवरोधहरू खडा गरिएको थियो भने सशस्त्र प्रहरी र पाकिस्तानी सेनाको बाक्लो उपस्थिति थियो।प्रदर्शन उक्त सहरतर्फ बढ्दै गर्दा बिबी कन्टेनरमा देखा परिन् र आफ्ना समर्थकहरूलाई उनले हात हल्लाएर अभिवादन गरिन्।

"हामी खानलाई साथमा नलिईकन पछि हट्दैनौँ," प्रदर्शन इस्लामाबादको मुख्य सरकारी भवनहरू भएको क्षेत्रमा पुगेपछि उनले उद्घोष गरिन्। "रेड जोन" भनिने उक्त स्थानमा मुख्य सरकारी कार्यालयहरू छन्। पाकिस्तानी संसद् भवन पनि त्यहीँ छासोही




क्षेत्रमा प्रदर्शन गर्ने निर्णय बिबीले गरेकी थिइन्। त्यसको केही नेताहरूले पार्टीभित्रै पनि विरोध गरेका थिए।तर उक्त प्रदर्शनका कारण त्यहाँ अवस्था निकै तनावपूर्ण भयो।

त्यस क्षेत्रको विद्युत् कटौती गरियो र पूरै क्षेत्र नै अन्धकार भयो। सुरक्षाकर्मीहरूले त्यहाँ प्रदर्शनकारीहरूलाई हटाउनका लागि व्यापक धरपकड गरे। सरकारले उक्त कारबाहीलाई "ग्र्यान्ड अपरेशन" भनेको छातनाव बढ्ने देखिएपछि उनले उक्त स्थान छाडिन् र इस्लामाबादभन्दा बाहिर गइन्। सामाजिक सञ्जालहरूमा देखिएका भिडिओहरूमा उनले कार परिवर्तन गरेर उक्त क्षेत्र छाड्दै गरेको देखिन्छ। तर बीबीसीले स्वतन्त्र रूपमा ती भिडिओ फुटेजहरूलाई पुष्टि गर्न सकेको छैन। उनले धर्नास्थल छाडेपछि कैयौँ समर्थकहरूलाई त्यसले निराश बनायो।

उनले अकस्मात् उक्त क्षेत्र

सन् २०१८ मा इमरान खानसँग बिहे गर्दा धेरै मानिस आश्चर्यमा परे भने केहीले आलोचना गरे।

खानलाई बिहे गर्नुअघि उनी २८ वर्ष लामो वैवाहिक जीवनमा थिइन्। खानसँग बिहेको गरेको सात वर्षपछि उनका पूर्वपतिले बिबी र खान दम्पतीलाई इस्लामिक कानुन पालना नगरेको आरोप लगाए। आफूसँग सम्बन्धविच्छेद गरेपछि फेरि बिहे गर्नुअघि बिबीले इस्लामिक कानुनले तोकेअनुसार समयावधि पूरा नगरेको उनको दाबी थियो। पुनर्विवाहको मुद्दामा खान र बिबी दोषी ठहर भए तर उनीहरूले इस्लामिक कानुन भङ्ग गरेको आरोपबाट भने सफाइ पाए।

"यो केवल मेरा पतिको विषय हैन," इस्लामाबादमा भेला भएका समर्थकहरलाई उनले भनिन्। "यो पाकिस्तानको विषय हो।" उनी सुफी सम्प्रदायकी अनुयायी हुन्। खानले आफू प्रधानमन्त्री हुँदा

> **बिबी पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानकी तेस्री पत्नी हुन् र उनलाई प्राय: निजी जीवनमा रमाउने "अराजनीतिक व्यक्ति"का रूपमा चित्रण गर्ने गरिन्थ्यो। तर अहिले उनी राजनीतिमा गहिरो गरी संलग्न भएकी छन्।**

छाडेपछि प्रदर्शनबारे कतिपय प्रश्नहरू खडा गरिदिएको छ। उनले धर्नास्थल छाड्दै गर्दा समर्थकहरू भने अश्रुग्यासको प्रकोप खेप्दै थिए भने कतिपय पक्राउ परिरहेका थिए। कैयौँ मानिसहरूले यसलाई आफ्नो मनोबल घटाउने कार्यका रूपमा हेरेका छन्।"उनी हामीलाई छाडेर गइन्," एक जनाले भने। तर अर्का व्यक्तिले भने, "यो उनको गल्ती होइन। पार्टीका नेताहरूले उनलाई हट्न बाध्य बनाए।" राजनीतिक विश्लेषकहरूले पनि उक्त घटनाबारे टिप्पणी गरेका छन्।

पत्रकार तथा विश्लेषक मेहमाल सरफराजले भने, "उनको त्यहाँबाट निस्कने निर्णयले उनको राजनीतिक जीवनयात्रालाई सुरु हुनुअघि नै आघात पुग्यो।"धेरैले बुशरा बिबीका लागि त्यो अवस्था सबैभन्दा महत्त्वपूर्ण थियो भन्ने ठान्छन्। यस बेलासम्म उनी जानेरै राजनीतिक चर्चा परिचर्चा र गतिविधिबाट टाढा बसेकी थिइन्। बुशरा बिबी पन्जाब प्रान्तको प्रभावशाली जमिनदार परिवारबाट आएकी हुन्। उनले

बिबीलाई आध्यात्मिक सल्लाहकार मान्दै आएका थिए। त्यस हिसाबले उनी लामो समयदेखि प्रभावशाली रहँदै आएको खाननिकट स्रोतहरू बताउँछन्। तर पीटीआईको राजनीतिमा उनी भर्खरै संलग्न भएकी हुन्। त्यसबारे विवाद पनि उत्पन्न भएको छ।

नोभेम्बर महिनाको सुरुतिर पेशावरमा आयोजित पार्टीका बैठकहरूमा पनि उनी सहभागी भइन्।उनले पार्टीका नेताहरूलाई नोभेम्बरमा हुने जुलुसमा भाग लिन आह्वान गर्दै नभए पार्टीबाट निष्काशनसम्म हुने कारबाही भोग्न तयार रहन चेतावनी दिइन्। केहीले उनको टिप्पणीलाई पार्टीभित्र उनको बढ्दो प्रभावका रूपमा अर्थ्याए। अरूले त्यसलाई हस्तक्षेप माने।

"उनको शैलीलाई पीटीआईका नेताहरूले मन पराएनन्," पत्रकार आमिर जियाले भने। उक्त पार्टीले नातावाद र वंशपरम्परामा राजनीतिको विरोध गर्ने औँल्याउँदै उनले भने, "उनले औपचारिक

रूपमा कुनै पद लिइन् भने त्यसले पीटीआई र खान दुवैको छवि धमिल्याउन सक्छ।" बीबीसी उर्दूसँग कुरा गर्दै विश्लेषक इम्तियाज गुलले उनको सहभागितालाई "अभूतपूर्व परिस्थितिमा अभूतपूर्व कदम"को सङ्ज्ञा दिए। "यो सबै खानको अनुपस्थितिमा पार्टी र कार्यकर्तालाई सक्रिय राख्ने कुरा हो," उनले भने।

पाकिस्तानमा महिला राजनीतिमा आउनु नौलो विषय हैन। पुरुष नेताहरू पक्राउ पर्दा वा उनीहरूविरुद्ध मुद्दा चल्दा तिनका पत्नीहरूले विरोधप्रदर्शन र जुलुसको नेतृत्व गर्दै आएको पाइन्छ।पूर्वप्रधानमन्त्री तथा पूर्वराष्ट्रपति जुल्फीकर अलि भुट्टो र पूर्वप्रधानमन्त्री नवाज शरिफ जेल परेपछि उनीहरूका पत्नी क्रमशः नुसरत भुट्टो र कलसूम नवाज पनि सक्रिय राजनीतिमा देखा परेका थिए।सार्वजनिक विरोधप्रदर्शनमा सहभागी हुनुभन्दा दुई साताअघि एउटा भिडिओ सन्देशमा बिबीले आफ्नो "उद्देश्य राजनीतिमा प्रवेश गर्नु नभएको" बताएकी थिइन्।

केही व्यक्तिहरू भने संशय व्यक्त गर्छन्। पाकिस्तानका रक्षामन्त्री खवाजा आसिफले बिबीले आफू भविष्यमा नेता बन्न सक्ने सम्भावना देखेर "अवसरवादी चरित्र" देखाएको आरोप लगाए। पीटीआईभित्र पनि बिबी राजनीतिमा प्रवेश गरेको विषयमा मतभिन्नता छ। केहीले बीबीसीलाई बताएअनुसार "इमरान खानले बिबीलाई निकै विश्वास गर्ने भएकाले" उनी राजनीतिमा प्रवेश गरेकी हुन्। तर अरूहरू उनको संलग्नताबाट पार्टीका प्रजातान्त्रिक मान्यताहरूलाई छायामा पर्ने चिन्तामा देखिन्छन्।

"पीटीआईमा अन्तिम निर्णय इमरान खानकै हुन्छ। खानकी दोस्री पत्नी रेहम खानले राजनीतिमा आउने महत्त्वाकाङ्क्षा राखेकी थिइन्। तर उनको जस्तो नभई बिबीले अझ स्थान पाउँछिन् र प्रभाव उत्पन्न गराउँछिन्," खान र बिबीको पारस्परिक विश्वासको सम्बन्धतिर इङ्गित गर्दै राजनीतिक विश्लेषक मेहमाल सरफराजले भने।

"किनभने खान उनलाई आध्यात्मिक मार्गदर्शक मान्छन्। त्यसैले खानको जीवनमा उनी भिन्न रूपमा छिन्।"पत्रकार तथा विश्लेषक आमिर जिया पीटीआईका कार्यकर्ताहरूलाई इस्लामाबादमा जुलुस निकाल्न लगाउने बिबीको निर्णय "प्रत्युत्पादक" बनेको ठान्छन्। नोभेम्बरको अन्त्यतिर इस्लामाबादमा भएका घटनाक्रमपछि बिबी जसरी उदाएकी थिइन् त्यसरी नै अलप भइन्।

आलोचना भएको भए पनि पीटीआईका समर्थकहरू उनलाई खानसँग पुग्न सबैभन्दा नजिकैको व्यक्ति मान्छन् । "उनी खान साँच्चै जेलबाहिर आऊन् भनेर चाहने व्यक्ति हुन्," इस्लामाबादका असिम अलिले भने। "म उनलाई पूरा विश्वास गर्छु।"उनी अब रहस्यमय पात्र हैनन्। आफ्नो इच्छा भए पनि नभए पनि उनी कहिले के हुन्छ भनेर अनुमान नै गर्न नसकिने पाकिस्तानको राजनीतिमा अहिले छिरिसकेकी छन् ।

# एनपिएलः सुदूरपश्चिम रोयल्स विजयी




काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा सुदूरपश्चिम रोयल्सले विराटनगर किङ्सलाई पराजित गर्दै सुखद् सुरुआत गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको पहिलो खेलमा सुदूरपश्चिमले विराटनगरलाई ९० रनले पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो । विराटनगरले भने प्रतियोतिगामा लगातार दोस्रो हार बेहोरेको छ । यसअघि भएको पहिलो खेलमा विराटनगर जनकपुर बोल्ट्ससँग आठ विकेटले पराजित भएको थियो ।

विराटनगरका लागि बसिर अहमदले २८ बल खेल्दै दुई चौकाको सहयोगमा २४ रन बनाए । नौ बल खेलेका राजेश पुलामीले एक चौकाको मद्दतमा १५ रन बनाए । अनिल खरेलले १० रन बनाउनेबोहक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

त्यस्तै क्रिस सोलले नौ रन जोड्दा कप्तान सन्दीप लामिछाने आठ रनमा आउट भए । त्यस्तै इस्मत आलम ६ रनमा तगा निकोलस कीर्तोनले पाँच रन जोडे । बलिङतर्फ सुदूरपश्चिमका अभिनाश बोहोरा र स्कट कुगेलेइनले समान तीन तीन विकेट लिए भने ब्रान्डन म्याकमुलेन र सैफ अलि जैबले समान एक/एक विकेट लिए ।

त्यसअघि दीपेन्द्रसिंह ऐरीको अर्धशतकमा सुदूरपश्चिम रोयल्सले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ८२ रनको योगफल तयार गरेको थियो । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमका कप्तान ऐरीले अविजित रहँदै २४ बलमा तीन चौका र पाँच छक्काको मद्दतमा ५७ रन बनाए।

त्यसैगरी ब्रेन्डन म्यामुलेनले २६ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३६ रन जोडे।

विनोद भण्डारीले २० बलमा चार चौकाको सहयोगमा २३ रन जोडे भने इशान पान्डेले १६ बलमा दुई चौका र एक छक्काको सहयोगमा २१ रन बनाए। आरिफ शेखले पाँच बलमा दुई चौकाको सहयोगमा नौ रन जोडे । सेफ जेबले १५ बलमा एक छक्काको सहयोगमा १४ रन जोडे ।

विराटनगरका लागि अनिल खरेलले तीन विकेट लिए भने इस्मत आलम, बसिर अहमद र क्रिस सोलले समान एक /एक विकेट लिए ।

नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा भएको नेपाल प्रिमियर लिग (एनपिएल) मा विभिन्न आठ टोली सहभागी छन् । जसमा काठमाडौँ गोर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, चितवन राइनोज, विराटनगर किङ्स, जनकपुर बोल्ट्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स छन् । रासस

# ईयुले साइबर सुरक्षा बलियो बनाउन नयाँ कानून अपनाउने

सिन्ह्वा

ब्रसेल्स । युरोपेली सङ्घ (ईयु) काउन्सिलले साइबर खतराप्रति उद्धार बनि सदस्य राष्ट्रहरूबीच बलियो साइबर ऐक्यबद्धता प्रवर्द्धन गर्ने उद्देश्यले सोमबार दुईवटा नयाँ कानून पारित गरेको छ ।उक्त नयाँ कानूनहरू साइबर सुरक्षा विधायी प्याकेजको हिस्सा हो । यी उपायहरूले साइबर घटनाहरू विरुद्ध ईयुको तयारी र प्रतिक्रिया क्षमताहरूलाई सुदृढ पार्ने लक्ष्य राख्छन् ।

नयाँ नियमले राष्ट्रिय र सीमापार साइबर केन्द्रहरू मिलेर साइबर सुरक्षा चेतावनी प्रणाली स्थापना गर्ने प्रावधान पनि राखेको छ ।

कानूनले साइबर खतरा पत्ता लगाउन, प्रतिरोध गर्न तथा कृत्रिम बुद्धिमत्ता र उन्नत डाटा बिश्लेशण गर्न सघाउने अपेक्षा गरिएको छ भने स्वास्थ्य सेवा,



यातायात र ऊर्जा जस्ता महत्वपूर्ण क्षेत्रमा परीक्षण क्षमतालाई पनि समर्थन गर्दछ ।

कानून निजी क्षेत्रबाट घटना प्रतिक्रिया सेवाहरू प्रदान गदै साइबर घटनामा ईयु सदस्य राज्य वा संस्थाको अनुरोधमा प्रयोग गर्न सकिन्छ ।

# थाइल्याण्डमा बाढीका कारण मृत्यु हुनेको संख्या २५ पुग्यो

एएफपी

बैङ्कक ।दक्षिणी थाइल्याण्डमा बाढीका कारण मृत्यु हुनेको संख्या २५ पुगेका अधिकारीहरूले मङ्गलबार बताएका छन् । अझै केही दिनसम्म भारी वर्षा हुने पूर्वानुमान गरिएको छ ।

नोभेम्बरको अन्त्यदेखि दक्षिणी थाइल्याण्डका बाह्र प्रान्तमा बाढीले चार लाख १० हजार ४५१ मानिसहरूलाई प्रभावित बनाएको छ ।

थाई सरकारको जनसम्पर्क विभागले पट्टानी, नाराथिवाट, सोत्त ला र याला प्रान्तमा बाढीका कारण २२ हजारभन्दा बढी मानिसहरु बाढीबमाट विस्थापित भएको जनाएको छ ।सोङखलाको पोल्ट्री फार्मका मालिक सुवास बिन-उमाले भन्नुभयो,"बाढीले १० हजार भन्दा बढी कुखुरा नष्ट गर्दा मैले कम्तिमा तीन लाख भाट गुमाएँ ।"

थाई मौसम विभागले मङ्गलबार डिसेम्बर छ सम्म भारी वर्षा जारी रहने चेतावनी दिएको



छ ।सरकारले बाढी प्रभावित बासिन्दाहरूलाई सहयोग गर्न उद्धार टोली खटाएको र प्रत्येक प्रदेशलाई बाढी राहतका लागि छ करोड भाट तोकिएको छ ।

मङ्गलबार थाई मन्त्रिपरिषद्ले प्रभावितहरूलाई सहयोग गर्न प्रति परिवार नौ हजार भाट भुक्तानलाई अनुमोदन गरेको छ ।

छिमेकी उत्तरी मलेसियामा प्रकोप अधिकारीहरूले मङ्गलबार बाढीका कारण ९४ हजार भन्दा बढी मानिसहरू अझै पनि आफ्नो घर फर्कन नसकेका जनाएका छन् । पाँच जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ ।सन् २०११ मा, देशभरि व्यापक बाढीले ५०० भन्दा बढी मानिसहरूको ज्यान लियो र लाखौं घरहरूलाई क्षति पुर्याएको थियो ।

# लेबनानमा भएको इजरायली हमलामा नौ जनाको मृत्यु

एएफपी

बेरुत । दक्षिणी लेबनानका गाउँहरूमा सोमबार भएको इजरायली आक्रमणमा नौ जनाको मृत्यु भएको छ । इजरायलले युद्धविरामकै समयमा आतङ्कवादी समूहले दावी गरेको आक्रमणको बदलामा दर्जनौं हिजबुल्लाह लक्षित आक्रमण गरिरहेको बताएको छ ।

इजरायल र हिजबुल्लाहले सोमबार लेबनानमा हजारौं मानिसहरुको नरसंहार र सीमामा ठूलो विस्थापन निम्त्याएको छ भने युद्धको अन्त्य गर्न बुधबार देखि लागु भएको युद्धविराम उल्लङ्घनको आरोपको सामना गर्नुपरेको छ ।

इजरायली सेनाले विज्ञप्ति मार्फत लेबनानमा दर्जनौं पूर्वाधार लक्षित आक्रमण गरेको जनाएको



छ । यसै गरी इजरायलले लेबनानमा सम्बन्धित पक्षहरूले जिम्मेवारी पूरा गर्न र हिजबुल्लाहको गतिविधिलाई रोक्न माग गरेको विज्ञप्तिमा उल्लेख छ ।

लेबनानको स्वास्थ्य मन्त्रालयले ह्यारिस गाउँमा भएको आक्रमणमा पाँच जनाको मृत्यु हुनुका साथै दुई जना घाइते भएको तथा तल्लुस गाउँमा चार जनाको मृत्यु भएको र एक जना घाइते भएको जनाएको छ ।

यसअघि, हिजबुल्लाहले इजरायल र लेबनानको सीमा क्षेत्रको विवादित भागमा रहेको "कफर शौबाको पाहाडमा इजरायल लक्षित आक्रमण गरेको जनाएको थियो ।इजरायली सेनाले हिज्बुल्लाहले विवादित शेबा क्षेत्रमा रहेको आफ्नो चौकी तिर दुईवटा क्षेप्यास्त्र प्रहार गरेको बताएको छ ।

आक्रमणपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले हिजबुल्लाहलाई युद्धविराम उल्लङ्घनको आरोप लगाएउदै जवाफ दिने वाचा गर्नु भएको छ भने इजरायली रक्षामन्त्री इजरायल काट्जले पनि कडा प्रतिक्रिया दिने वाचा गर्नु भएको छ ।

त य स क ा ` केही समयपछि, इजरायली सेनाले लेबनानका लक्ष्यहरूमा आक्रमण गरिरहेको जनाएको थियो ।लेबनानको राष्ट्रिय समाचार एजेन्सीले इजरायलसँगको सीमाबाट करिब २० किलोमिटर टाढाका क्षेत्रहरूमा आक्रमण भएको रिपोर्ट गरेको छ ।

# सन् २०२३ अक्टोबर देखि गाजामा ३४१ जना मानवतावादीको मृत्यु

क्यूएनए

न्युयोक । मानवीय मामिला समन्वयका लागि राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) ले इजरायली आक्रमण सुरु भएदेखि गाजामा ३४१ जनाका मृत्यु भएको जनाएको छ। आक्रमणले गाजा पट्टीमा प्यालेस्टिनीहरू बारम्बार विस्थापित भइरहेको चेतावनीसमेत दिएको छ।

राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले प्रेस ब्रीफिङमा राहतकर्मीहरूले गाजामा अत्यावश्यक सहायता प्रदान गर्न जीवन जोखिममा पारी इजरायली आक्रमणले वर्ल्ड सेन्ट्रल किचनका तीन जना र सेभ द चिल्ड्रेनका एक जना गरी चार जना मानवतावादी कामदारको ज्यान लिएको बताउनु भयो।

गत वर्षको अक्टोबरदेखि मृत्यु भएका सहायता कार्मीहरूको स९ या बढेर ३४१ पुगेको बताउदै उहाँले मानवीय साझेदार हरूले स्थानीय खाद्य प्रणाली सैन्य स्थल सञ्चालन, नागरिक क्षेत्रहरूमा आक्रमणले ध्वस्त पारेको उल्लेख गर्नु भएको छ।

विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) लाई उद्धृत गर्दै डुजारिकले ५० दिन भन्दा बढी समयदेखि उत्तरी गाजाको बेइट लाहिया, बेइट हानुन र जबल्याका क्षेत्रमा कुनै सहयता नआएको तथा अपवादको रुपमा सोमबार डब्लूएफपीले विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) को नेतृत्वमा मानवीय मिसनको साथ २०० खाना पार्सलहरू बेइत लाहियाको कमल अदवान अस्पतालमा पठाउन सक्षम भएको बताउनु भएको छ। घेराबन्दीको कारण भयाभह मानवीय अवस्थाको बीचमा, नागरिकहरूको नरसंहारको साथै आक्रमण सन् २०२३ अक्टोबर देखि गाजामा नरसंहार निरन्तर भइरहेको छ।

# दूध बेचेर वार्षिक ३० लाख आम्दानी

गलकोट । बागलुङ नगरपालिका-१४ नेपानेका ४५ वर्षीय कुमार बस्नेतले व्यावसायिक रूपमा गाईभैँसी पाल्न थाल्नुभएको १२ वर्ष पुगेको छ। अहिले उहाँले दूध बिक्री गेरर वार्षिक रु ३० लाख आम्दानी गर्दै आउनुभएको हो।



दैनिक एक सय लिटरभन्दा बढी दूध उत्पादन गरेर अगुवा कृषकका रूपमा बस्नेत चिनिनुहुन्छ। विसं २०६९ मा तीन वटा भैँसीबाट 'बस्नेत पशुपालन फार्म' सञ्चालन गर्नुभएका उहाँको पलार्ममा अहिले विभिन्न प्रजातिका ११ वटा भैँसी र नौ वटा गाई छन्। छ वर्ष साउदी अरब, ११ महिना सिङ्गापुर बसरे फर्किनुभएका बस्नेतले तीन वर्ष बागलुङ बजारमा व्यवसाय सञ्चालन गर्नुभएको थियो। व्यापारमा मुनाफा नभएपछि पसल बेचेर पुनःविदेश जाने सोचमा जापान योजना बनाउनुभएको थियो।

जापान जाने योजनाले पूर्णता नपाएपछि बेचिसकेको पसल पुनः गर्नुभन्दा व्यावसायिक रूपमा गाईभैँसी पाल्ने योजना बनाएर गाउँ फर्किएपछि उहाँलाई कहिल्यै पछुताउनु परेको छैन। बस्नेतलाई उहाँकी श्रीमती अप्सराको दरिलो साथ छ। बीस वटा गाईभैँसी, उनीहरूको हेरचाह र सम्पूर्ण व्यवस्थापनको काम बस्नेत दम्पतीले मिलेर गर्ने गर्नुभएको छ।

दैनिक एक सयदेखि एक सय २० लिटरसम्म दूध उत्पादन गर्दै आउनुभएका बस्नेतले मासिक रु दुई लाख ५० हजारभन्दा बढी आम्दानी हुने गरेको बताउनुभयो। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङको सहयोगमा पोखरा गएर एक हप्ताको तालिमसमेत लिनुभएका उहाँले बिक्री भएर बाँकी रहेको दूधबाट खुवा र पनिर बनाएर बच्ने गरेको जानकारी दिनुभयो।

बस्नेतले उत्पादन गरेको दूध नजिकैको नारायणस्थान बजारमा बेच्ने गरेको बताउँदै बजारीकरणको समस्या नरहेको उल्लेख गर्नुभयो। चैत-वैशाखमा एक सय २० लिटरभन्दा बढी र असार साउनमा ७० लिटरसम्म दूध गाउँमा बिक्री हुने गरेको उहाँको भनाइ छ। गाउँमा बिक्री भएर रहेको दूध कहिले स्थानीय डेरीलाई बेच्ने, कहिले पर्वतको कुश्मा बजार र बागलुङ बजारमा पठाउने गरेको उहाँले जानकारी दिनुभयो।

दूध बिक्री नहुँदा, बर्खाको समयमा सडकका कारण ढुवानीमा समस्या हुँदा, पहिरोले सडक सञ्जाल अवरुद्ध हुँदा सयौँ लिटर दूध बिग्रिएर जाने गरेको भए पनि पछिल्लो समय प्राक्टिकल एक्सन नेपालको सहयोगमा डिसिआर डिसी बागलुङले अनुदानमा प्रदान गरेको 'डिप फ्रिज'ले राहत पुगेको बस्नेतले बताउनुभयो। बैंकबाट कृषि कर्जा लिएको भन्दै जानकारी नभई घटबढ हुने व्यजदरले भने सास्ती दिएको उहाँको भनाइ छ।

भेटेरिनरी अस्पताल, पशुपालक कृषकसँग काम गर्दै आउनुभएका सामुदायिक स्रोत विकास केन्द्र (डिसिआरडिसी) र साना किसान सहकारी सङ्घसंस्थाबाट प्राप्त प्रोत्साहनले पशुपालनमा लाग्न सहज वातावरण बनाएको बस्नेतले प्रतिक्रिया दिनुभयो। गाईभैँसीलाई खुवाउने घाँस उत्पादन गर्न फार्मको वरिपरी ४० रोपनी जमिन भाडामा लिएर एक सय ५० केजी सुडान छरेको उहाँको भनाइ छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङबाट प्राविधिक सहयोग, औषधि उपचार र खोपसँगै अनुदान पाएको बताउँदै बस्नेतले लम्पीस्किन रोगले भने तीन वटा गाई र एउटा भैँसी मरेको जानकारी दिनुभयो। उहाँका अनुसार व्यवसाय विस्तारका क्रममा फार्ममा रु ३० लाखभन्दा बढी लगानी पुगिसकेको छ।रासस

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। मंगलबारका लागि तय भएको विनिमयदरअनुसार अमेरिकी डलर, स्वीस फ्रयाङ्क, सिङ्गापुर डलर, बहराइन दिनार, ओमानी रियाललगायतको मूल्यवृद्धि भएको छ। यस्तै, युरोपियन युरो, स्वीस फ्रयाङ्कलगायतको मूल्य घटेको छ।



राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३५ रुपैयाँ २२ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ८२ पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ३४ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ ९७ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७१ रुपैयाँ ९३ र बिक्रीदर एक सय ७२ रुपैयाँ ६९ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ७३ पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ ४१ पैसा कायम गरिएको छ।

केन्द्रीय बैंकका अनुसार अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ८३ पैसा र बिक्रीदर ८८ रुपैयाँ २२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ३७ पैसा र बिक्रीदर ९६ रुपैयाँ ८० पैसा, सिङ्गापुर डलर एकको खरिदार एक सय रुपैयाँ ५३ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ ९८ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ र बिक्रीदर नौ रुपैयाँ ०४ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ५९ पैसा र बिक्रीदर १८ रुपैयाँ ६७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ९९ पैसा र बिक्रीदर ३६ रुपैयाँ १५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ आठ पैसा र बिक्रीदर ३७ रुपैयाँ २४ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइभाट एकको खरिददर तीन रुपैयाँ ९३ पैसा र बिक्रीदर तीन रुपैयाँ ९४ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ८१ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९८ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ ३२ पैसा र बिक्रीदर ३० रुपैयाँ ४५ पैसा तोकिएको छ।त्यस्तै, साउथ कोरियन वन एक सयको खरिदर नौ रुपैयाँ ६३ पैसा र बिक्रीदर नौ रुपैयाँ ६७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३४ पैसा र बिक्रीदर १२ रुपैयाँ ३९ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ नौ पैसा र बिक्रीदर १९ रुपैयाँ १७ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ३८ पैसा र बिक्रीदर १७ रुपैयाँ ४६ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४० रुपैयाँ र बिक्रीदर चार सय ४१ रुपैयाँ २४ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५८ रुपैयाँ ६५ पैसा र बिक्रीदर तीन सय ६० रुपैयाँ २४ पैसा, ओमानी रियाल एकको खरिददर तीन सय ५१ रुपैयाँ २३ पैसा र बिक्रीदर तीन सय ५२ रुपैयाँ ७९ पैसा तोकेको छ। भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस

# शैक्षिक अनुसन्धान केन्द्रको भवन निर्माण हुँदै

भोजपुर। यहाँ शैक्षिक अनुसन्धान केन्द्र शिक्षक भवनको शिलान्यास गरिएको छ। शैक्षिक क्षेत्रको खोज तथा अनुसन्धान गर्ने लक्ष्यले भोजपुर नगरपालिका-८ पोखरेमा भवनको शिलान्यास गरिएको हो।



नेपाल राष्ट्रिय शिक्षक सङ्गठन जिल्ला समितिले निर्माण थालेको भवनको कोशी प्रदेशका पूर्वमूख्यमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्थायी कमिटी सदस्य शेरधन राई र कोशी प्रदेशका राज्यमन्त्री सिर्जना राईले संयुक्त रुपमा शिलान्यास गर्नुभएको हो।

भवन निर्माणका लागि कोशी प्रदेश सरकारबाट रु २५ लाख र स्थानीय पालिकाबाट रु १४ लाख ५० हजार बजेट विनियोजन भएको राष्ट्रिय शिक्षक सङ्गठन जिल्ला समितिका अध्यक्ष ध्रुवराज रेग्मीले जानकारी दिनुभयो। यो भवनबाट जिल्लाको शैक्षिक अवस्था तथा नवीनतम विषयवस्तुको खोज तथा अनुसन्धान गरिने अध्यक्ष रेग्मीको भनाइ छ।

"शैक्षिक क्षेत्रको विकास तथा खोज अनुसन्धान गर्ने लक्ष्यले शैक्षिक अनुसन्धान केन्द्र शिक्षक भवनको शिलान्यास गरेका छौँ", अध्यक्ष रेग्मीले भन्नुभयो, "भवन निर्माणका लागि प्रदेश सरकारसँगै स्थानीय पालिकाहरुको बजेटमा निर्माण थालेका छौँ, शिक्षहरुबाट पनि स्वतःस्फूर्त रुपमा रकम सङ्कलन गरिरहेका छौँ।"

अनुसन्धान केन्द्र शिक्षक भवन निर्माणका लागि पौवादुङमा गाउँपालिकाबाट रु तीन लाख, टेम्केमैयुङ गाउँपालिकाबाट रु दुई लाख ५० हजार, भोजपुर नगरपालिका, षडानन्द नगरपालिका र अरुण गाउँपालिकाबाट रु दुई/दुई लाख, हतुवागढी, आमचोक र साल्पासिलिछो गाउँपालिकाबाट रु एक/एक लाख गरी पालिकाहरुबाट रु १४ लाख ५० हजार बजेट विनियोजन भएको जनाइएको छ। सङ्गठनको नाममा रहेको तीन रोपनी एक आना तीन पैसा क्षेत्रफलमा भवन निर्माण थालिएको सङ्गठनका सचिव विष्णुकुमार राईले बताउनुभयो।

भवनको शिलान्यास गर्दै पूर्वमुख्यमन्त्री तथा एमाले स्थायी कमिटी सदस्य शेरधन राईले अनुसन्धान केन्द्र शिक्षक भवनले यहाँको शैक्षिक विकास तथा खोज अनुसन्धानमा सहयोग पुग्ने बताउनुभयो। सामुदायिक विद्यालयहरुको खस्किँदो शैक्षिक अवस्थाको सुधारसँगै भोजपुरबाट उत्पादित जनशक्तिलाई सक्षम र सफल बनाउन भवनको प्रयोग हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

कोशी प्रदेश सरकारले प्राथमिकताका साथ अघि बढाएका योजनाहरुलाई समयमा सम्पन्न गराउन आवश्यक पहलकदमी गरिरहेको राज्यमन्त्री राईले जानकारी दिनुभयो।

पौवादुङमका अध्यक्ष किरण राईले शैक्षिक अनुसन्धान केन्द्र निर्माणका लागि गाउँपालिकाले पनि आवश्यक सहयोग गरेको बताउनुभयो। भवन निर्माणले शैक्षिक क्षेत्रको खोज तथा अनुसन्धानमा टेवा पुग्ने राख्नुभयो।रासस

# नेप्से परिसूचक १७ दशमलव ८० अङ्कले बढ्यो

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १७ दशमलव ८० अङ्कले बढेर दुई हजार सात सय ७५ दशमलव ८५ अङ्कमा पुगेको छ। मंगलबार विभिन्न तीन सय सात कम्पनीका एक करोड ८१ लाख ६० हजार ३४ हजार कित्ता शेयर रु आठ अर्ब ५२ करोड १२ लाख १९ हजार दुई सय ९९ दशमलव ६७ मा कारोबार भएको नेप्सेले जनाएको छ।



मंगलबारको कारोबारमा उपसमूहतर्फ ट्रेडिङ पाँच दशमलव ९६ प्रतिशतले बढेको भने फाइनान्स, जलविद्युत्, जीवन बीमा, म्यानुफ्याक्चरिङ एण्ड प्रोसेसिङ र म्यूचुअल फण्डमा पनि हरियाली देखिएको छ। साथै बाँकी उपसमूहमा रातो देखिएको छ।

दुई वटा कम्पनी दिव्यश्वरी जलविद्युत् लिमिटेड र इन्वा जलविद्युत् लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने खानीखोला जलविद्युत्, जोशी जलविद्युत् विकास कम्पनी र सुपर मादी जलविद्युत् कम्पनीको शेयर मूल्य समान नौ दशमलव ९९ प्रतिशतले बढेको छ।

त्यसैगरी अपर स्याङ्गे जलविद्युत् लिमिटेडको नौ दशमलव ५१ प्रतिशत, जानकी फाइनान्स कम्पनी लिमिटेडको छ दशमलव १८ प्रतिशत, गुँरास लघुवित्त वित्तीय संस्थाको तीन दशमलव ४६ प्रतिशत, युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको तीन दशमलव ४६ प्रतिशत र समाज लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य तीन दशमलव ४४ प्रतिशतले घटेको नेप्सेले जनाएको छ।रासस

# खानेपानी विस्तारका लागि एक सय नौ योजना

पर्वत। नागरिकलाई स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउने उद्देश्यले पर्वतमा चालु आर्थिक वर्षमा एक सय नौ वटा योजना सञ्चालन हुने भएका छन्। जिल्लाका दुई नगरपालिका र पाँच गाउँपालिकामा सङ्घीय र गण्डकी प्रदेश सरकारका गरी एक सय नौ योजना सञ्चालन हुने भएका हुन्।



सङ्घीय सरकारअन्तर्गत ३४ र गण्डकी प्रदेशअन्तर्गत ७५ वटा योजनामा बजेट विनियोजन भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङले जनाएको छ। गण्डकी प्रदेशअन्तर्गत कुश्मा नगरपालिकामा २६, फलेबास नगरपालिकामा १९, जलजला गाउँपालिकामा १०, पैँयु गाउँपालिकामा नौ, मोदी गाउँपालिकामा चार, महाशिला गाउँपालिकामा चार र विहादी गाउँपालिकामा तीन वटा योजनामा बजेट विनियोजन भएको कार्यालय प्रमुख किरण पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार सङ्घीय सरकारअन्तर्गत फलेबास नगरपालिकामा पाँच, कुश्मामा दुई, माशिलामा तीन, मोदीमा दुई, जलजला र पैँयुमा तीन वटा योजना रहेका छन्। यसबाहेक सङ्घीय शसर्त अनुदानबाट १६ योजना सञ्चालन हुने उहाँले बताउनुभयो।

चालु आर्थिक वर्ष विसं २०८१/८२ मा ७५ योजनाका लागि गण्डकी प्रदेश सरकारबाट रु ११ करोड ४० लाख र १८ योजनाका लागि सङ्घीय सरकारबाट रु एक करोड ५९ लाख बजेट विनियोजन भएको छ। यसैगरी सङ्घीय शसर्त अनुदानअन्तर्गत १६ योजना पुनःस्थापना गर्न रु ९८ लाख बजेट विनियोजन भएको छ। योसहित चालु आर्थिक वर्षमा रु १३ करोड ९७ लाख बजेट प्राप्त भएको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो।

**योसहित चालु आर्थिक वर्षमा रु १३ करोड ९७ लाख बजेट प्राप्त भएको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो ।**

कार्यालयका अनुसार योजनाको लागतअनुसार बजेट विनियोजन नहुँदा यस वर्ष अधिकांश योजना पूर्ण रूपमा सम्पन्न नहुने भएका छन्। बजेट अद्यावधिक गरी केही थप भएमा निर्माणाधीन अवस्थामा रहेका १२ योजना चालु आवमा सम्पन्न हुने कार्यालय प्रमुख पौडेलले बताउनुभयो।

गत आवभन्दा रु छ करोड बजेट घटेर आएकाले पनि सबै योजना निर्धारित समयमा सम्पन्न हुन नसक्ने उहाँको भनाइ छ। "योजना बढी छन्, बजेट सीमित छ। त्यसैले अन्तिम चरणमा रहेका योजनालाई पूर्णता दिनेगरी काम गरिरहेका छौँ", कार्यालय प्रमुख पौडेलले भन्नुभयो।

प्रत्येक योजनामा न्यूनतम रु पाँच लाखदेखि बढीमा रु ६४ लाखसम्म बजेट विनियोजन भएको छ। जिल्लाका सबै परिवारमा खानेपानीको पहुँच पुर्‍याउने सरकारको योजनाअनुसार चालु आवमा बजेट विनियोजन भएका सबै योजना कार्यान्वयनमा गइसकेका कार्यालयले जानकारी दिएको छ।

पर्वतमा अन्य संस्थागतबाहेक खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमार्फत हालसम्म १६ हजारभन्दा बढी परिवारमा 'एक घर, एक धारा' विस्तार गरिएको छ। चालु आवमा सञ्चालित योजनाहरूले पूर्णता पाएमा दुई हजारभन्दा बढी घरमा 'एक घर एक धारा' विस्तार गर्न सकिने कार्यालयले जनाएको छ।

जिल्लाको सदरमुकाम कुश्माबजार, फलेबास, वारीबेनी, पातीचौर, डिमुवा, कार्किनेटा, हुवास, त्रिवेणीलगायत बजार क्षेत्रमा व्यवस्थित रूपमा खानेपानीको वितरण भए पनि केही ग्रामीण बस्ती भने असुरक्षित पानी उपभोग गर्न बाध्य छन्। एकीकृत रूपमा योजना सङ्कलन नगरी माथिल्लो निकायबाट बजेट विनियोजन हुँदा कार्यान्वयमा समस्या पर्ने गरेको प्रमुख पौडेलले बताउनुभयो।

पर्वत र बागलुङ गरी दुई जिल्ला कार्यक्षेत्र रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा जनशक्तिको अभाव रहेको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो। चार प्राविधिकको दरबन्दी रहेको कार्यालयमा एक जनाको मात्र पदपूर्ति हुँदा समयमा योजनाको सर्भेक्षण, लगत अनुमान तयार तथा योजना कार्यान्वयन र फछ्र्योटमा समस्या पर्दै आएको उहाँले गुनासो गर्नुभयो।रासस


## INVITATION FOR ONLINE BIDS

**Bodebarsain Municipality**

**Office of the Municipal Executive**

**Bodebarsain, Saptari**

**IFB No: BBMS/NCB/WORKS/2081/082-04**

**First Date of Publication: 2081/08/19 (4rhDec 2024)**

1. Bodebarsain Municipality, Bodebarsain, Saptari invites electronic bids for Following Works from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelop Procedure.

| Contract ID No | Name of Project | Estimated Cost Excluding VAT | Bid Security Amount (NRS) | Bid Fee | Bid Validity period |
|---|---|---|---|---|---|
| BBMS/NCB/Works/2081/82-3 | Construction works of School Building of Shree Sarswoti Janta Adharbhut Bidyalay, Mahanauri, Saharwa | 8129040.50 | 2,40,000.00 | 3000.00 | 90 days |

2. For purchasing & submission of bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Sanima Laxmi Bank Limited, Bodebarsain Branch. Saptari.
   **Name of Office :** Bode Barsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari.
   **Office Account no. :**106010040000001 GA -1-1(Bodebarsain Municipality, Aantrik Rajaswo Khata)
3. Bids must be submitted through www.bolpatra.gov.np, on or before 12:00 noon on 2081/09/21 (5thJan2025) cuments received after this deadline shall not be accepted.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 05-01-2025, 14:00 at the office of Office of Muncipal Executive, Bode Barsain Municipality, Saptari.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# दुधमती नदीको अतिक्रमित भूभाग उत्खनन् गरिने



टुडे समाचारदाता

जनकपुरधाम । ऐतिहासिक तथा धार्मिक महत्वको दुधमती नदीको अतिक्रमित प्राकृतिक बहाव क्षेत्रको सीमांकन, नक्सांकन तथा उत्खनन् कार्य गरिने भएको छ ।

मुख्यमन्त्री सतीशकुमार सिंहको अध्यक्षतामा दुधमती नदी संरक्षण उच्चस्तरीय समितिको बैठकले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादवको संयोजकत्वमा दुधमती नदी संरक्षणात्मक कार्य कार्यान्वयनका लागि उपसमिति गठन गर्दै सो कार्य तत्काल तीव्रताका साथ शुरु गर्ने निर्णय गरेको छ ।

धार्मिक तथा पौराणिक आस्था र धार्मिक विश्वाससंग जोडिएको मात्र नभएर सिँचाइ तथा खानेपानी समेतको महत्वपूर्ण स्रोत दुधमती नदी संरक्षण हुनैपर्ने भएकाले प्रदेश सरकार उत्खनन्सहितको कार्य अगाडि बढाएको उच्चस्तरीय समितिका अध्यक्षसमेत रहेका मुख्यमन्त्री सिंहले बताए ।

सो बैठकमा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री यादव, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका प्रदेश सचिव जक्की अहमद अन्सारी, धनुषा र महोत्तरीका प्रमुख जिल्ला अधिकारीहरू, मधेश प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धानका अनुसन्धान निर्देशकलगायत सम्मिलित दुधमती नदी संरक्षण उच्चस्तरीय समितिले पिलरसहित सीमांकन, नक्सांकन तथा पहिचान भएको सीमाभित्र नदीको प्राकृतिक बहाव क्षेत्रलाई अतिक्रमणमुक्त गराउन उत्खनन् गर्ने निर्णय गरेको छ ।

उनले धार्मिक रूपमा पुण्यप्राप्तिको लोकविश्वाससंग जोडिएको दुधमती नदीको प्राकृतिक बहाव क्षेत्र पहिचान तथा यकिन गरी उत्खनन् गर्न उच्चस्तरीय समितिले आवश्यक उपकरण, जनशक्ति तथा अन्य सहयोग गर्न समुदायका सबैलाई आह्वान गर्ने निर्णयसमेत गरेको जानकारी दिए ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा रहेको नदीको मुहानदेखि दक्षिणी बहाव क्षेत्रको पूर्णतः अतिक्रमित नदीको भूभाग उत्खननका लागि समुदाय तथा अन्य तहका सरकारको सहयोग अपेक्षासँगै थप जरुरी कायका लागि समितिले आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरेको छ ।

# सार्वजनिक सम्पतिको रक्षार्थ निजी घरटहरा भत्काउँदा विवाद

**सार्वजनिक सम्पति संरक्षण गर्ने जिम्मा पाएको स्थानीय सरकारले मिर्चैयामा भू-माफियाको जालो तोडेर सिरहाको मिर्चैया नगरपालिकाले सार्वजनिक सम्पति कब्जा गरेर वर्षौंदेखि रजगज गरिरहेको निजी घरटहरा भत्काउँदा राजनीतिकरण गर्दै अदालतसम्म धाउनु परेको छ ।**

टुडे समाचारदाता

जनकपुरधाम । मठमन्दिर, पाटीपौवा, स्कुल-अस्पताल आदिलाई युगौंसम्म चलाउने हो भने जग्गा सबैभन्दा भरपर्दो सम्पत्ति नै हो । जग्गाले संस्कृति संवर्द्धन मात्र गर्दैनन्, समाजलाई जोड्ने काम पनि गर्छन् । अस्पताल र स्कुललाई वा सार्वजनिक जग्गाको उद्देश्य पनि तिनलाई निरन्तर चलाउन सकियोस् भन्ने नै हो । तर केही वर्षयता सार्वजनिक सम्पत्ति कब्जा गरेर रातारात धनी सपना देखेका मिर्चैया नगरपालिकाका केही भू-माफियाको सपनामाथि तुषारापात गरिदिएपछि मिर्चैयाका मेयर श्रवण कुमार यादवविरुद्ध भु-माफिया सक्रिय भएर लागेका छन् ।

सार्वजनिक सम्पति संरक्षण गर्ने जिम्मा पाएको स्थानीय सरकारले मिर्चैयामा भू-माफियाको जालो तोडेर सिरहाको मिर्चैया नगरपालिकाले सार्वजनिक सम्पति कब्जा गरेर वर्षौदेखि रजगज गरिरहेको निजी घरटहरा भत्काउँदा राजनीतिकरण गर्दै अदालतसम्म धाउनु परेको छ । मिर्चैया नगरपालिकाका मेयर श्रवण यादवको पहलमा बजार जाने मुख्य बाटो घर टहराहरु भत्काएपछि भू-माफियाहरु संगठित रुपमा उनी विरुद्ध लागेको हो । मिर्चैया नगरपालिकाले वर्षौदेखि नगरपालिका जाने मुख्य बाटोमा अतिक्रमण गरी व्यक्तिगत प्रयोजनका लागि बनाइएको घर टहराहरु भत्काएपछि मेयर यादवविरुद्ध लागेका हुन् ।

सार्वजनिक क्षेत्रलाई मिचेर घर टहरा बनाएका कारण बजार क्षेत्र नै कुरुप देखिएको तथा बाटो साघुँरो भएकाले बाटो फराकिलो बनाउन घर टहरा भत्काइएकोमा त्यसको विरोध गर्नुको कुनै तुक नभएको मेयर श्रवण यादवले जानकारी दिए । उनले भने, 'मिर्चैया नगरपालिका ५ मा रहेको कि.न.२५६ को क्षेत्रफल ३-१२-१७ र २ (ख) कि.न. ६० को ज.बि.०-२-५-० पटक-पटक लिखित र मौखिक रुपमा बाटोमा बनाइएको घर टहरा खाली गराउन सूचना जारी भएको थियो । नक्सामा ६० फिट रहेको बाटो २० फिटमा सिमित भएपछि अतिक्रमित जग्गा खाली गराउनु नगरपालिकाको दायित्व अन्तर्गत खाली गराईएको हो ।'



### बाटो खाली गराउन सर्वदलीय निर्णय

मिर्चैया नगरपालिकाको मुख्य थाना चोक देखि नगरपालिकाहुँदै बतहा खोलासम्म जाने वाटो ६० फिट कायम गर्ने विषयमा क्रमश २०७३ असार १०, २०७४/असार ७ र मिति २०७४ असार ९ गते नगरपालिका, राजनितिक दलको प्रतिनिधि, प्रहरी प्रशासन, व्यापारीलगायत सरोकारवालाको उपस्थितिमा सडक नाला कायम गरी निर्माण गर्ने निर्णय भएको छ ।

मिर्चैया नगर कार्यपालिकाको पटक-पटकको निर्णयवाट मिर्चैया नगरपालिका ५ साविक रामनगर २ (क) कि.न.२५६ ज.वि.३-१२-१७ र २(ख) को कि.नं.६० को क्षेत्रफल ०-२-५ को सार्वजनिक जग्गामा अतिक्रमण गरि निर्माण गरिएको संरचना हटाउने निर्णय र सोही आधारमा घर टहरा हटाउन विभिन्न माध्यमवाट सूचना प्रकाशन र प्रसारण भएको छ ।

२०७९ फाल्गुन २ गते नगर प्रमुख श्रवण कुमार यादव र घर टहरा बनाएको व्यक्तिहरु बीच भएको वैठकवाट मिर्चैया नगरपालिका ५ को गुदरी वजार भन्दा दक्षिणमा रहेको सार्वजनिक जग्गामा निर्माण गरिएको सम्पूर्ण संरचना फाल्गुन २५ गतेभित्र खाली गर्ने गराउने निर्णय भएको । साथै खाली गरिसकेकोहरुको हकमा ७ दिनभित्र व्यवस्थापन गर्ने र सुकुमवासीहरुलाई नियमानुसार व्यवस्थापन गर्ने निर्णय भएको छ ।

घर टहरा व्यवस्थापन गरिदिन भनि घर टहरा वनाएको व्यक्तिहरुको निवेदन नगरपालिकाको सूचना वमोजिम घर टहरा व्यस्थापन गर्न नगरपालिकावाटै व्यवस्थापन गराईदिनु हुन भनि केही व्यक्तिहरुको निवेदन दिएको पाईएको छ । साथै केही व्यक्तिहरुले उक्त जग्गामा वनाईएको घरटहराको बहाल कर बुझाउन तयारी रहेको भनि निवेदन दिएको भेटिएको छ ।

### अदालत र मालपोत सरकारी जग्गा कायम गरेको

उच्च अदालत जनकपुर, राजबिराज इजलासले कि.नं. २५६ ज.बि.३-१२-१७ जग्गा श्री ५ को सरकारको नाममा रहेको र सिरहा जिल्ला मिर्चेया नगरपालिका- ५ मा वैजनाथ साह लगायत ७ जनाले जग्गा आफ्नो रहेको भनि माग गरिएकोमा सम्बन्धमा आदेश जारी नभएको अर्थात उक्त जग्गा नेपाल सरकारको नाममा रहेको भनि आदेश जारी भएको छ ।

भूमिसुधार तथा मालपोत कार्यालय, सिरहाको पत्रबाट रामनगर २(क) कि.नं. २५६ क्षेत्रफल ३-१२-१७ जग्गा श्री ५ को सरकारको नाममा रहेको भनि लेखि आएको छ ।

### अदालतलाई प्रभावमा पार्न रकम संकलन

सरकारी सम्पतिमा बनाइएको अवैध घर टहरा मिर्चैया नगरपालिकाले भत्काएपछि उच्च अदालत जनकपुर-राजविराज ईजलासमा मुद्दा हालेको भू-माफिहरुको समूहले अदालतमा प्रभाव जमाउन मोटो रकम संकलन गरेको पाइएको छ । वर्षौ देखि भू-माफियाहरु सार्वजनिक सम्पतिमा रजगज गर्दै आएकोमा नगरपालिकाविरुद्ध मुद्दा हालेर अदालतलाई प्रभाव पार्न माटो रकम उठाएको पाइएको छ ।

भू-माफियाहरु अदालतलाई प्रभावमा पार्न तथा अन्य कामको लागि रकम लिएको एक लिष्ट नै फेला परेको छ । जसमा करिब ४० जनासंग मोटो रकम उठाएको पाइएको हो । स्रोतका अनुसार अदालतलाई प्रभावमा पार्न उनीहरुले मोटो रकम संकलन गरेको जनाएको छ ।

# जनमतले सभामुखमाथि लगाएको आरोपको खण्डन

टुडे समाचारदाता

काठमाण्डु । सभामुख देवराज घिमिरेले संसद् संचालनका क्रममा जातजाती र रंगका आधारमा भेदभाव गरेको भन्दै जनमत पार्टीले लगाएको आरोपको संघीय संसद् सचिवालयले खण्डन गरेको छ ।

संसद् सचिवालयले मंगलबार एक विज्ञप्ति जारी गर्दै सभामुख घिमिरेमाथि जनमत पार्टीले लगाएको आरोपको खण्डन गरेको छ ।

संसद् सचिवालयका सहायक प्रवक्ता अनन्तप्रसाद कोइरालाले सभामुखमाथि जनमतले लगाएको आरोपको खण्डन गरेका छन् । जनमतले सोमबार विज्ञप्ति जारी गर्दै सभामुख घिमिरेमाथि जनमत पार्टीले गम्भीर आरोप लगाएको थियो ।

ज्नमतका प्रवक्ता शरदसिंह यादवले सोमबार विज्ञप्ति जारी गर्दै सभामुख घिमिरेले सांसद गोमा लाभ सापकोटालाई पदमुक्त नगरी 'आपराधिक कार्य गरेको' र संसद् सञ्चालनका क्रममा नै नश्लवादी एवं रंगभेदी व्यवहार देखाएको आरोप लगाएका थिए ।





जवाफमा संसद् सचिवालयले लेखेको छ, 'प्रतिनिधिसभा सदस्य गोमा लाभ (सापकोटा) का सम्बन्धमा जनमत पार्टीबाट जारी भएको प्रेस विज्ञप्तिप्रति संघीय संसद सचिवालयको ध्यानाकर्षण भएको छ । संघीय संसद् सचिवालयबाट कुनै पनि जातजाति, वर्ण, रंग, लिङ्ग, समुदाय, भाषा, धर्म तथा शारीरिक अवस्था लगायतका कुनै पनि आधारमा विभेद नभएको र नहुने कुरा स्पष्ट पार्न चाहन्छौं ।'

सभामुख घिमिरेले कानुन बमोजिम गरेको कामका सम्बन्धमा जनमत पार्टीले आरोप लगाएको सचिवालयले लेखेको छ । 'जनमत पार्टीबाट समानुपातिक सदस्यमा निर्वाचित प्रतिनिधिसभा सदस्य गोमा लाभ (सापकोटा) लाई पार्टीको विधान बमोजिम कारबाही गरी साधारण सदस्य समेत नरहने गरी निष्कासन गरिएको भनी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३५ को उपदफा (२) बमोजिमको प्रक्रिया अगाडि बढाइदिन संघीय संसद्को महासचिवलाई सम्बोधन गरी पत्र लेखी आएपछि संघीय संसद् सचिवालयले सो विषयमा नेपालको संविधान र सम्बन्धित कानुनहरू (प्रतिनिधि सभा नियमावली, २०७९ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३) का प्रावधानहरूको व्यवस्थाबमोजिम निर्णयार्थ पेस गरेको र सभामुखले कानुन बमोजिम निर्णय गर्नुभएको व्यहोरा जानकारी गराउन चाहन्छौं,' सचिवालयको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# गढीमाई मेला भर्न मंसिर २३ गते बिदा

टुडे समाचारदाता

जनकपुरधाम । बाराको महागढीमाई नगरपालिकामा लाग्ने गढीमाई मेलाका अवसरमा मंसिर २३ गते आइतबार मधेश प्रदेश सरकारले सार्वजनिक विदा दिएको छ ।

जनकपुरधाममा बुधबार बसेको मन्त्रिपरिषद् बैठकले गढीमाई मेलाको विशेष पूजा हुने दिन यही मंसिर २३ गते सार्वजनिक तथा सरकारी निकायका लागि विदा दिने निर्णय गरेको छ । मुख्यमन्त्री सतीशकुमार सिंहले प्रति लाखौंको संख्यामा श्रद्धालु भक्तजनहरूको गहिरो आस्था र दृढ विश्वास रहँदै आएकाले विदा घोषणा गरिएको जानकारी दिए । उनले प्रदेशको धरोहरको रूपमा स्थापित गढीमाई मेलामार्फत घरेलु पर्यटन विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।



# प्राविधिक शिक्षालयमा छापा, रकम चलखेलको आरोप

बखतियार अलि

मलंगवा । सन्त अल्पमाई रामनारायण यादव बहुप्राविधिक शिक्षालय मलंगवामा छापा मारी भएको छ ।

सो शिक्षालयका प्रमुख वीरेन्द्रबाबु यादवले रकमको चलखेल गरी विद्यार्थी भर्ना गरेको उजुरी परेपछि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् मधेश प्रदेशका उपनिर्देशक दिनेश कुमार मल्लिकसहित सूचना अधिकारी सत्यदेव पंडितलगायतका ४ सदस्य टोलीले मंगलबार बहुशिक्षालय मलंगवामा छापा मारेको छ ।



उपनिर्देशक मल्लिकले जनाएअनुसार यस शिक्षालयका प्रमुख यादवले विद्यार्थीहरुबाट रकम लिएर भर्ना गरेको उजुरी परेपछि छापा मारेको बताए । उपनिर्देशक मल्लिकले भने प्रक्रिया मिचेर विद्यार्थी भर्ना गरेको पाइए कडा कारबाही हुने बताए । उनले भने, 'अहिले कागजी दस्तावेज र तालिम परिषद्को विद्यार्थी भर्ना सम्बन्धी निर्देशिका बमोजिम भर्ना गरिएको छ/छैन भन्ने बारेमा सबै कागज झिकाएको छु ।'

दोषी देखिए कारबाही हुने उपनिर्देशक मल्लिकले बताए । लक्षित वर्गको १ नम्बर कोटामा छनोट भएको विद्यार्थी राजु यादवले बहुशिक्षालय मलंगवाबाट नाम निकालेर अन्तै पढन गएपछि सोही सिटमा शिक्षालय प्रमुख यादवले ठूलो रकमको चलखेल गरी प्रक्रिया मिचेर रुनी कुमारीलाई नामांकन गरेपछि प्रमुख यादव माथि उजुरी परेको थियो ।

प्रमुख यादवले पटक-पटक प्रक्रिया मिचेर रकम चलखेल गरी विद्यार्थी भर्ना गर्न थालेपछि उनी पहिला देखि नै विवादित बन्दै गएको छ । सन्त अल्पमाई रामनारायण यादव बहुप्राविधिक शिक्षालय मलंगवाका संचालक समिति सदस्य समेत रहेको जिल्ला प्रशासन कार्यालय सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले भने प्रविधिक शिक्षालय मलंगवाका प्रमुख यादवले मनोमानी ढंगले विद्यार्थी भर्ना गरेपछि प्रशासनमा पनि यादवविरुद्ध उजुरी परेको छ । जिल्ला प्रशासन कार्यालय सदस्य रहे पनि प्रशासनलाई जानकारी समेत नदिइ खाली भएको सिटमा आफुखुसी विद्यार्थी भर्ना गरेपछि समस्या उत्पन्न भएको छ ।

कानुनी प्रक्रिया मिचेर विद्यार्थी भर्ना गर्न नमिल्ने र यस्तो अवस्थामा दोषी देखिएमा प्रमुख यादव माथि कारबाही हुने सहायक प्रमुख जिल्ला घिमिरेले बताए । मलंगवा नगरपालिका- २ का वडाअध्यक्ष धीरेन्द्र साहले भने शिक्षालय प्रमुख यादवले प्रक्रिया मिचेर विद्यार्थी भर्ना गरेको उजुरी हाम्रो कार्यालयमा पनि परेको छ । पटक- पटक वहाले प्रक्रिया मिचेर विद्यार्थी भर्ना गर्दै आएको छ । यसपटक तालिम परिषद् मधेश प्रदेशका उपनिर्देशकसहितका टोलीले छापा मारेको छ ।

# कीर्ते हस्ताक्षर गरेको आरोपमा प्रधानाध्यापक पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । रौतहटको चन्द्रनिगाहापुर नगरपालिकामा रहेको आधुनिक प्राथमिक विद्यालय राजपैडाका प्रधानाध्यापक किशोरी चौधरीले कीर्ते हस्ताक्षर गरी रकम निकालेको आरोपमा पक्राउ परेका छन् ।

कीर्ते हस्ताक्षर गरी विद्यालयको बैंक खातामा रोक्का रहेको २९ लाख ३५ हजार ५२९ रुपैयाँ निकाली हिनामिना गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय रौतहटले उनलाई पक्राउ गरेको जनाएको छ ।

पक्राउ परेका चौधरीविरुद्ध लिखतसम्बन्धी कसुरमा रौतहट जिल्ला अदालतबाट म्याद थप लिएर अनुसन्धान अघि बढाइएको रौतहटका प्रहरी नायब उपरीक्षक दीपककुमार रायले बताए ।

नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को विशेष अनुदानबाट ४ कोठे भवन निर्माणका लागि ४७ लाख ७५ हजार ५१२ रुपैयाँ निकास भएको थियो । भवन निर्माणको ठेक्का ब्रह्म बाबा कन्ट्रक्सनलाई दिइएको थियो । काम भएपछि रकम नियमानुसार भुक्तानी पाउने गरी रोक्का गरिएको थियो ।

प्राविधिक जाँच तथा पहिलो रनिङ बिल भरपाइको आधारमा नगरपालिकाको पत्रद्वारा २० लाख १० हजार ५२९ रुपैयाँ ब्रह्म बाबाले पाउने गरी रकम फुकुवा गरिएको थियो ।

सो रकम निकालेपछि प्रधानाध्यापक चौधरीले नगरपालिकाको पत्रहरूमा कीर्ते हस्ताक्षर गरी बाँकी रहेको २९ लाख ३५ हजार ५२९ रुपैयाँ निकाली हिनामिना गरेको आरोप रहेको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८